एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

# चौतिसौं साधारण सभा

## बारा, मधेश प्रदेश

२०८२ मङ्सिर ०३ र ०४ (१९ र २० नोभेम्बर २०२५)

# वार्षिक प्रतिवेदन २०८१/८२

# विषय सूची

१. निर्देशकद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को योजना कार्यान्वयनको प्रतिवेदन १

२. समूह र युथ नेटवर्कहरूले आ.व. २०८१/८२ मा गरेका कार्यक्रमहरूको विवरण ३२

३. गभर्नेन्स र सङ्गठनात्मक गतिविधि ४०

४. एम्नेस्टी इन्टरनेसनल नेपाल पुनरावेदन समितिका पदाधिकारी, नेसनल बोर्डका पदाधिकारी तथा राष्ट्रिय सचिवालयका कर्मचारीहरूको नामावली विवरण ५०

## निर्देशकद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को योजना कार्यान्वयनको प्रतिवेदन

एम्नेस्टी इन्टरनेसनल नेपालको सम्मानित चौतिसौं साधारण सभाका अध्यक्षज्यू, एम्नेस्टी नेपालमा आबद्ध समूह र युथ नेटवर्कलाई प्रतिनिधित्व गर्दै तथा समर्थक सदस्यको क्लस्टरबाट सहभागी हुनुभएका प्रतिनिधिज्यूहरू, अन्तर्राष्ट्रिय बोर्ड र सचिवालयका प्रतिनिधिज्यू, एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथिज्यूहरू, नेसनल बोर्ड, पुनरावेदन समिति, नोमिनेसन कमिटी एवं प्रेपकमका पदाधिकारीज्यूहरू, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरू एम्नेस्टी नेपालका पूर्व अध्यक्षज्यूहरू एवं राष्ट्रिय सचिवालयका सहकर्मी साथीहरू,

मानवअधिकारको क्षेत्रमा कार्यरत विश्वको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको निर्देशकको हैसियतले संस्थाको सम्मानित ३४ औं साधारण सभासमक्ष एम्नेस्टी नेपालको आर्थिक वर्ष २०८१/८२ (१६ जुलाई २०२४ देखि १६ जुलाई २०२५) को वार्षिक "योजना कार्यान्वयन" प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ।

गत वर्षहरूमा झैं यस आर्थिक वर्षमा पनि एम्नेस्टी नेपालले मानवअधिकारसम्बन्धी विभिन्न स्थानीय र अन्तर्राष्ट्रिय अभियान सञ्चालन गर्दै विविध गतिविधिहरू सम्पन्न गरेको छ।


लैङ्गिक न्याय (Gender Justice), अन्तर्समूहगत न्याय (Intersectional Justice), सङ्क्रमणकालीन न्याय, जलवायु न्याय (Climate Justice) र दण्डहीनताविरुद्धका अभियान, जोखिममा परेका व्यक्ति तथा मानवअधिकारको अवस्था सङ्कटग्रस्त रहेको मुलुकका नागरिकहरूको स्वतन्त्रता र मानवअधिकारका लागि गरिएका विभिन्न अभियानहरू, मानवअधिकार शिक्षा र अन्य विविध जनचेतनामूलक कार्यहरू, एम्नेस्टी नेपालमा आबद्ध समूह र युथनेटवर्कका सदस्यहरूका लागि क्षमता अभिवृद्धिसम्बन्धी गतिविधिलगायतका विभिन्न गतिविधिहरू यस आर्थिक वर्षमा सम्पन्न भएका छन्।

अध्यक्षज्यू तथा सम्मानित साधारण सभाका सभासदज्यूहरू,

अब म मिति २०८२ मङ्सिर १७ र १८ गते (०३ र ०४ नोभेम्बर २०२५) बसेको नेसनल बोर्डको बैठकमा पेश भई उक्त बैठकले पारित गरेको यस संस्थाको वर्ष २०८१/८२ को वार्षिक "योजना कार्यान्वयन" प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु। यस प्रतिवेदनमा संस्थाका तर्फबाट २०८१ साउन १ देखि २०८२ असार ३२ गते (असार मसान्त) (१६ जुलाई २०२४ देखि १६ जुलाई २०२५) सम्म भएका प्रमुख गतिविधिहरूलाई समेटिएको छ।

# परिच्छेद १

## आर्थिक वर्ष २०८१/८२ मा भएका गतिविधिहरू तथ्याङ्कमा






१७ औं
युथ मेला

१५८
जनाको
सहभागिता



१०८ युवा

## राइट फर राईट्स् (W4R)



६
देश



६
जोखिममा रहेका
व्यक्ति र समुदायहरू



१,५५,७०५
हस्ताक्षरहरू सङ्कलन


## मानवअधिकार शिक्षा


१
मानवअधिकार
शिक्षा कार्यशाला

६०
जनाको
सहभागिता

६
मानवअधिकार शिक्षा
अभिमुखीकरण कार्यक्रम


| सामाजिक न्याय संवाद | द्वन्द्वपीडितहरूसँगको सहकार्यमा | सङ्क्रमणकालीन न्याय |
| --- | --- | --- |
| पाँचौं र छैठौं संस्करण | ४ वटा प्रादेशिक परामर्श कार्यक्रमहरू | १ राष्ट्रिय सम्मेलन |


मिडिया कभरेज विश्लेषण
200
150
100
50
0
18
185
34
INTERVIEWS WITH TV, RADIO, PRINT
NEWS COVERAGE BASED ON PRESS RELEASE
MEDIA MENTIONS IN ARTICLES/EDITORIALS
२१
प्रेस विज्ञप्तिहरू
पत्रकारहरूसँग
३
अन्तरक्रिया


Social media followers in numbers
YouTube 1300 +
TikTok 1350 +
X (formerly Twitter) 2700 +
Instagram 1200 +
Facebook 20000 +


20000+
2700+
YouTube
1200+
TikTok
1350+
1200+


८ प्रादेशिक/क्षेत्रीय भेलाहरू
३२७ जनाको सहभागिता
२५० प्रतिनिधिहरू


३३औं साधारणसभा
१४८ जम्मा सहभागिहरू
१०० प्रतिनिधिहरू
गैर युवा प्रतिनिधि ३७%
युवा प्रतिनिधि ६३%


ASIA PACIFIC REGIONAL FORUM
02-04 MAY 2025, KATHMANDU, NEPAL

# १. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी गतिविधि र अभियानहरू

## भूमि र पर्याप्त आवासको अधिकारको पैरवी

### जबरजस्ती निष्कासनको घटनाहरूमा नागरिक संस्थाहरूको संयुक्त अनुगमन

एम्नेस्टी इन्टरनेनसल नेपालले २०८१ असार र कार्तिकमा विभिन्न नागरिक समाज संस्थाहरूसँगको सहकार्यमा कैलाली र कञ्चनपुर जिल्लाका धनगढी उपमहानगरपालिका, भजनी नगरपालिका, गोदावरी नगरपालिका र भिमदत्त नगरपालिका तथा सिराहा, सुनसरी, झापा र मोरङ जिल्लामा अधिकारीहरूद्वारा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरूलाई जबर्जस्ती निष्कासन गरिएको घटनाहरू, थप निष्कासनको त्रासको विद्यमानता र उठिवासबाट पीडित नागरिकहरूको अवस्थाको बारेमा स्थलगत अनुगमन गरेको थियो।

### भूमिसम्बन्धी समस्या समाधान आयोगलाई जबर्जस्ती निष्कासन रोक्न संयुक्त पत्र

मंसिर ४ गते एम्नेस्टी नेपालले विभिन्न नागरिक समाज संस्थाहरूसँगको सहकार्यमा संयुक्त रूपमा भूमि समस्या समाधान आयोगमा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको व्यवस्थापनको काम सम्पन्न नहुँदासम्म आवासबाट निष्कासनको काम नगर्न/नगराउन तीनै तहका सम्बन्धित सबै निकायहरूलाई सूचित गर्न अनुरोध गर्दै पत्राचार गर्यो।


भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासको व्यवस्थापनको काम सम्पन्न नहुँदासम्म आवासबाट निष्कासनको काम नगर्न/न...

Nirajan Thapaliya
To 'info@lirc.gov.np'; 'bhumiaayog@gmail.com'
Cc Raju Chapagai; Mahila Ekata Bhagavati; Jagat Deuja; Bishnu Pokhrel; Sushma Neupane
Reply | Reply All | Forward
Tue 11/19/2024 1:06 PM
1
Letter.to.Land.Commission.Final.pdf
217 KB

मितिः ४ मङ्सिर २०८१
श्रीमान अध्यक्षज्यू,
भूमि समस्या समाधान आयोग।

**विषयः** भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासको व्यवस्थापनको काम सम्पन्न नहुँदासम्म आवासबाट निष्कासनको काम नगर्न/नगराउन तीनै तहका सम्बन्धित सबै निकायहरूलाई सूचित गर्न अनुरोध।

महोदय,

सर्वप्रथमतः भूमि समस्या समाधानको महत्त्वपूर्ण राष्ट्रिय अभिभारा प्राप्त गर्न अध्यक्षज्यू र सदस्यज्यूहरूका साथै सम्पूर्ण आयोग परिवारप्रति हार्दिक

यस लगत्तै भूमिहीन दलित र भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान तथा व्यवस्थापन प्रक्रिया सम्पन्न नभएसम्म जबर्जस्ती निष्काशन नगर्न मिति भूमि आयोगले मिति २०८१ माघ २२ गते प्रेस विज्ञप्ति जारी गरेको थियो।

### भूमि र पर्याप्त आवासको अधिकारका सवालमा महिला मानवअधिकार रक्षकहरूलाई तालिम

मिति २०८१ माघ १५ र १६ गते मधेश र कोशी प्रदेशमा रहेर मानवअधिकारका सवालमा वकालत र पैरवी गरिरहेका महिला मानवअधिकार रक्षकहरूका लागि एम्नेस्टी नेपालले विभिन्न नागरिक समाज संस्थाहरूसँगको संयुक्त आयोजनामा उदयपुरको ओरेक आधारको तालिम हलमा "भूमिमा पहुँच र पर्याप्त आवासको अधिकार" सवालमा क्षमता अभिवृद्धि तालिम कार्यक्रम आयोजना गर्‍यो। तालिममा भूमि र पर्याप्त आवासको अधिकार, जबर्जस्ती निष्कासन, भूमिहीन र अव्यवस्थित बसोवासीहरू लक्षित गलत मिथकहरू, अभियानमा भएका चुनौती र अवसर तथा ऐक्यबद्धता, सहकार्य र सहजीकरका उपाय, रणनीति र कार्ययोजनाका सवालमा छलफल भएको थियो।



*महिला मानवअधिकार रक्षकहरूको लागि क्षमता अभिवृद्धि तालिमको ब्यानर (पछाडि), निदेशक निराजन थपलिया तालिम सत्रमा सहजीकरण गर्दै (बीच)। सहजकर्ताको भनाइ सुन्दै पंक्तिबद्ध भएर बसेका महिला मानवअधिकार रक्षकहरू।*


## आप्रवासन तथा श्रमिकहरूको सुरक्षा, मार्यादा र अधिकार

कम्बोडियाली सरकारले देशभर फैलिएका ५० भन्दा बढी ठगी केन्द्रहरूमा आपराधिक गिरोहहरूद्वारा व्यापक रूपमा गरिँदै आएको दासत्व, मानव बेचबिखन, बालश्रम र यातनाजस्ता मानवअधिकार उल्लंघनहरूको लामो श्रृङ्खलालाई जानाजान बेवास्ता गरिरहेको सवालमा गरिएको **"म अरू कसैको वस्तु थिएँ"** शीर्षकको विस्तृत अध्ययन प्रतिवेदनको सारसङ्क्षेप समाविष्ट प्रेस विज्ञप्तिलाई नेपाली भाषामा अनुवाद गरी एम्नेस्टी नेपालले मिडिया र सरोकारवालहरूमाझ संप्रेषण गर्‍यो।

## जलवायु न्याय


एम्नेस्टी नेपालले युवा अभियन्ताहरूको सञ्जाल *वर्ल्ड युथ फर क्लाइमेट जस्टिस*सँगको सहकार्य र समन्वयमा अन्तर्राष्ट्रिय न्यायालयमा विचाराधीन जलवायु न्यायसम्बन्धी राय परामर्श प्रक्रियामा नेपालले भौतिक रूपमा बहस गर्ने अवसरको सदुपयोग गर्नुपर्ने आग्रह गर्दै १ अक्टोबर २०२४ मा नेपाल सरकारलाई पत्र लेखी परराष्ट्र मन्त्रालयलसँग विभिन्न एड्भोकेसी मिटिंगहरू गरेको थियो। यसका अलावाल अन्य विविध सरोकारवालाहरूसँग विभिन्न पैरवी र दबाबमूलक गतिविधिहरू गरेको थियो

फलस्वरूप नेपाल सरकारले ९ डिसेम्बर २०२४ मा नेपाल सरकारको तर्फबाट परराष्ट्र मन्त्री डा. आरजु राणाको नेतृत्वमा तीन सदसीय टोलीले आइसिजेमा उक्त मुद्दामा आफ्नो बुँदाहरूसहित पोजिसन राखेको थियो। यस अभियानको बारेमा एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयका *क्लाइमेट जस्टिस टिम* र *युथ एण्ड चिल्डरेन* टिमहरूलाई लिखित रिपोर्टिंग पनि गरिएको थियो। उक्त कार्यलाई एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयले आफ्नो वेबसाइटमा फिचर पनि गरेको विषय यहाँ उपलब्ध छ। उक्त कार्यलाई अन्तर्राष्ट्रिय सचिवालयले जारी गर्ने Youth Power Action! State of Amnesty Youth and Children Mid-Term Review मा पनि फिचर गरेको छ।




*Youth Power Action! State of Amnesty Youth and Children Mid-Term Review को कभरपेज (बायाँ); एम्नेस्टी नेपाल र युवाहरूको पैरवी कार्यको बारे उक्त Review मा फिचर।*

मानवअधिकार शिक्षासम्बन्धी पुस्तिका र जलवायु परिवर्तनसम्बन्धी **"स्टप बर्निङ् आओर राइट्स्"** पुस्तिकालाई थारू भाषामा अनुवाद गरी वेबसाइटमा राख्ने र सदस्यहरूमा संप्रेषण गर्ने कार्य सम्पन्न गरिएको छ।




*थारू (दङ्गाली) भाषामा **हमार अधिकारहन जराए बन्द करो!** शिर्षकको पुस्तिका, प्रकाशक एम्नेस्टी इन्टरनेसनल, अंग्रेजीमा क्लाइमेट जस्टिस नाउ लेखिएको ब्यानर सहित प्रदर्शनमा सहभागी एक पुरुषका पछाडि अन्य प्रदर्शनकारीहरू।*

# २. सत्य, न्याय र परिपूरणको अधिकारसम्बन्धी अभियान

## सञ्चारकर्मीहरूसँग सङ्क्रमणकालीन न्यायबारे अन्तरक्रिया

### संचार माध्यामका वरिष्ठ सम्पादक र प्रधान सम्पादकहरूसँग छलफल

श्रावण १७ गते एम्नेस्टी नेपालले विभिन्न राष्ट्रिय दैनिक र अनलाइन संचार माध्यामका वरिष्ठ सम्पादक र प्रधान सम्पादकहरूसँग सङ्क्रमणकालीन न्यायको सवालमा छलफलको आयोजना गरेको थियो। छलफलमा मानवाधिकारकर्मी, द्वन्द्वपीडित समुदायका प्रतिनिधिहरूका साथै *द हिमालयन टाइम्स*, नागरिक दैनिक, *रिपब्लिका* दैनिक, *अनलाइनखबर*, रेडियो कान्तिपुर, बाह्रखरीका, गोरखापत्र र मिडिया एड्भोकेसी ग्रुप (म्याग), घटना र विचार साप्ताहिकका प्रधान सम्पादक तथा सम्पादकहरूको उपस्थिति थियो।



*एम्नेस्टी नेपालद्वारा आयोजित सङ्क्रमणकालीन न्यायसम्बन्धी छलफलका क्रममा अन्तर्राष्ट्रिय न्याय आयोगकी वरिष्ठ कानूनी सल्लाहकार डा. मन्दिरा शर्मा विभिन्न राष्ट्रिय सञ्चार माध्यमका सम्पादकहरूसँग विचार विमर्श गर्दै। तस्वीरमा डा. शर्मा सम्पादकहरूलाई सम्बोधन गर्दै हुनुहुन्छ।*

### सङ्क्रमणकालीन न्याय संवाददाताहरूसँग अन्तरक्रिया

मंसिर २० गते एम्नेस्टी नेपाल र संवैधानिक तथा न्यायिक पत्रकार मञ्चको सहकार्यमा "सङ्क्रमणकालीन न्याय प्रक्रियाको विश्वसनीयता" शीर्षकमा एक सङ्क्रमणकालीन न्यायका विषयवस्तुहरूमा लामो समयदेखि लेख्दै आइरहेका विभिन्न सञ्चार माध्यमका संवाददाताहरूसँग एक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो। कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सूर्य ढुङ्गेल, पूर्व कानुन मन्त्री गोविन्द वन्दी, अधिकारकर्मी मन्दिरा शर्मा, चरण प्रसाईं, राजु चापागाईं, द्वन्द्वपीडित रामकुमार भण्डारी, सुमन अधिकारी, सुशिला चौधरी, सृजना श्रेष्ठलगायतको सहभागिता रहेको थियो।



## सङ्क्रमणकालीन न्यायबारे मिडिया आउटरिच

**सङ्क्रमणकालीन न्यायसम्बन्धी लङ्ग फर्म इन्टरभिउ**

डिमोक्रेसी मिडिया नेटवर्क न्युजमा निर्देशक निराजन थपलियाले ***What may be done to take Nepal's transitional justice process to a meaningful conclusion?*** शीर्षकमा अन्तर्वार्ता दिएर सङ्क्रमणकालीन न्यायको निकासको बारेमा चर्चा गरेका छन्।

त्यस्तै जेठ २ गते GNN TV को कानुनी बहस कार्यक्रममा निर्देशक निराजन थपलियाले नेपालको सङ्क्रमणकालीन न्यायको पछिल्लो विकासक्रमका सन्दर्भमा अन्तर्वार्ता दिनुभएको थियो।


ws.com/what-may-be-done-to-take-nepals-transitional-justice-process-to-a-meaningful-conclusion/

HOME NATIONAL POLITICS ECONOMY OPINION SPORT

**What may be done to take Nepal's transitional justice process to a meaningful conclusion?**

Nirajan Thapaliya, human rights activist and director of Amnesty International Nepal, says much depends on what kind of persons are appointed to TJ Commissions and whether or not they function impartially, independently and daringly.

By Mahabir Paudyal

Published - 12 December, 2024 2:19 pm



854 Shares

**Kathmandu**: When, in August, the House of Representatives of Federal Parliament passed the bill to amend the Enforced Disappearances Enquiry, Truth and Reconciliation Commission Act, by a majority vote, it came as a new beacon of hope about taking the protracted transitional justice process to a logical conclusion. Three major political parties—Nepali Congress, CPN-UML and Maoist Center—who at times stood poles apart about the TJ process, came on the same page on the bill and expressed commitment to ensuring justice to the victims of the insurgency period. The International Community lauded the passage of the bill and it appeared that the TJ process would move forward unhindered henceforth. But four months later, voices of dissent have begun regarding the selection of officials, including the chief commissioners and other commissioners in Truth and Reconciliation Commission (TRC) and Commission of Investigation on Enforced Disappeared Persons (CIEDP). The candidates shortlisted by the Recommendation Committee have been opposed by victim communities as well as rights defenders and there are misgivings about whether TRC and CIEDP will be able to ensure justice to the victims of the insurgency era. In this context, *The DMN News* approached **Nirajan Thapaliya**,

## अन्य विविध गतिविधिहरू

- २०८१ भाद्र ४ गते एम्नेस्टी इन्टरनेसनलले अन्य अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरू ह्युमन राइट्स् वाच र इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स्सँग मिलेर प्रतिनिधिसभाद्वारा २०८१ श्रावण ३० गते पारित विधेयकमा रहेका त्रुटीहरूको बारेमा चासो व्यक्त गर्दै संयुक्त वक्तव्य जारी गरेको थियो।
- बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस (३० अगस्ट) (International Day of the Victims of Enforced Disappearances) का सन्दर्भमा एम्नेस्टी नेपाल लगायत विभिन्न संस्थाहरूले बेपत्तासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्न, बेपत्ता नागरिकको स्थिति सार्वजनिक गर्न, आत्मसम्मान सहितको सत्य, न्याय र परिपूरण सुनिश्चित गर्न र स्वतन्त्र तथा शक्तिशाली सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरू गठन गर्न माग गर्दै संयुक्त प्रेस विज्ञप्ति जारी गरेका थिए।
- सङ्क्रमणकालीन न्याय आयोगहरूमा विश्वसनीय नियुक्तिका लागि अपिल गर्दै एम्नेस्टी इन्टरनेसनलसहित विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाले २०८१ पौष २ गते नेपालका प्रधानमन्त्री केपी शर्मा ओली तथा प्रमुख पार्टीका अध्यक्षहरूलाई संयुक्त पत्र लेखेका थिए।
- सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगहरूमा आयुक्तहरू सिफारिस गर्न गठित सिफारिस समितिको कार्यशैलीप्रति पीडितहरूको आलोचना र गुनासो रहेको सन्दर्भमा एम्नेस्टी नेपाल लगायत विभिन्न नागरिक सङ्घ संस्थाहरूबाट प्रकृयालाई पीडित केन्द्रित बनाउन र पीडितको मर्मलाई हृदयङ्गम गर्न आह्वान गर्दै २०८२ वैशाख २३ गते संयुक्त विज्ञप्ति जारी गरिएको थियो।
- २०८२ वैशाख २९ गते एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट्स् वाच र इन्टरनेसनल कमिसन अफ जुरिस्टस्ले संयुक्त विज्ञप्ति जारी गरी सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगहरूमा

आयुक्तहरू सिफारिस गर्ने प्रकृयालाई संशोधन गर्न र प्रकृयालाई विश्वसनीय र पारदर्शी बनाउन माग गरेका थिए।

- २०८२ जेठ २१ गते एम्नेस्टी इन्टरनेसनल नेपाल लगायत २४ मानवअधिकार संस्थाहरूले एक सार्वजनिक विज्ञप्ति जारी गर्दै "पीडित तथा नागरिक समाज सङ्घसंस्थाको उचित परामर्श र सहभागिता सुनिश्चित नगरिएकोले नेपालको सङ्क्रमणकालीन न्याय आयोगका पदाधिकारीहरूको नियुक्ति प्रक्रिया अहिले गम्भीर वैधताको सङ्कटमा रहेको, सङ्क्रमणकालीन न्याय आयोगहरूमा गरिएको नियुक्तिले विश्वसनीयता आर्जन गर्न विफल भएको र सो नियुक्तिले यो जटिल र संवेदनशील प्रक्रियालाई न्यायपूर्ण र विश्वासिलो तरिकाले अगाडि बढ्न नसक्ने" बताएका थिए।

## द्वन्द्वपीडितहरूको न्याय र परिपूरण अभियानमा सहयोग र समन्वयका श्रृङ्खलाहरू

- २०८१ पौष ८ अर्थात (२०२४ डिसेम्बर २३) का दिन एम्नेस्टी नेपालले नेपालका बेपत्ता पारिएका व्यक्तिका परिवार र नागरिक सङ्घ संस्थाहरूसँग बेपत्ता पारिएका व्यक्तिहरूको सत्य, न्याय र परिपूरणका लागि रणनीति र भावी दिशाका सवालमा एक छलफल कार्यक्रम आयोजना गऱ्यो।
- एम्नेस्टी नेपालले पीडित केन्द्रित सङ्क्रमणकालीन न्यायको भावि रणनीति र कार्यदिशा तय गर्नका लागि गण्डकी प्रदेशका ४५ जना द्वन्द्वपीडित अगुवाहरूलाई २०८१ पुस १३ र १४ गते पोखरामा छलफल र परामर्शका लागि आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराएको थियो। पीडितहरूको भेलाले प्रदेशका मानवअधिकार समुदाय र पत्रकारहरूसँग पनि परामर्श गरी सङ्क्रमणकालीन न्यायको अगाडिको प्रकृयाको अनुगमन र खबरदारीका लागि एक अनुगमन समिति गठन गर्ने निर्णय गरेको छ।
- पीडित संघसंस्था र अगुवाहरूको अनुरोधमा एम्नेस्टी नेपालले **"अपारदर्शी र पीडितलाई पाखा लगाई गठित नियन्त्रित आयोगसम्बन्धमा द्वन्द्वपीडित समुदायको रणनीतिक प्रादेशिक परामर्श"** र **"सङ्कटग्रस्त सङ्क्रमणकालीन न्याय प्रकृया: अबको बाटो" सरोकारवालाहरू बीच अन्तरसंवाद** शीर्षकका दुई अलग अलग कार्यक्रमहरू गण्डकी प्रदेशको पोखरामा मिति २०८२ जेठ २७ र २८ गते तथा लुम्बिनी प्रदेशको नेपालगंजमा जेठ २९ र ३० गते आयोजना गऱ्यो। त्यस्तै ०८२ असारमा कर्णाली प्रदेशको सुर्खेतमा आयोजित परामर्श कार्यक्रममा पनि सहयोग र सहजीकरण गरेको थियो। उक्त कार्यक्रमहरूमा नेपाल सरकारद्वारा गठित आयोगहरूको वैधता, विश्वसनीयता, स्वच्छता र प्रभावकारीता प्रश्न चिन्हको घेरामा परेकोले न्याय प्रकृया सुनिश्चित नहुने कारणहरूको बारेमा पीडितहरूले गहन छलफल र प्रस्तुती गरेका थिए। त्यसपछि विभिन्न पाँच विषयवस्तुहरूमा समूह छलफल गरी पीडितहरूले आफ्नो साझा धारणा तयार पारेका थिए।

## पैरवी र दबाबमूलक अभियानका लागि पीडितहरूलाई सहयोग

- **२०८१ भाद्र ५ र ६ गते** माइतीघर मण्डलामा पीडित केन्द्रित कानुनको माग गर्दै धर्मराज न्यौपानेलगायतका द्वन्द्वपीडितहरूद्वारा आयोजना गरिएको धर्ना कार्यक्रममा एम्नेस्टी नेपालले उहाँहरूको अनुरोधबमोजिम माइक, पोष्टर, पम्पलेट, पानी लगायतका सरसहयोग उपलब्ध गराएको थियो।

- अपाङ्गता भएका व्यक्तिहरूको अन्तराष्ट्रिय दिवस डिसेम्बर ३ को सन्दर्भमा द्वन्द्वका कारण अपाङ्गता भोगेका नागरिकहरूको पीडामा आधारित कथाहरूलाई कविता, नृत्य, कार्टुन जस्ता कलात्मक ढङ्गबाट प्रस्तुतीकरण गरी सरकारी, गैरसकारी निकाय लगायतलाई ध्यानाकर्षण गराउन र शीघ्रातिशीघ्र सत्य, न्याय र परिपूरणसम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नका लागि द्वन्द्वबाट अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय सञ्जाल (National Network of the Disabled Conflict Victim (NNDCV))लाई उहाँहरूको अनुरोधमा सहयोग र सहजीकरण गरिएको थियो। उक्त सन्दर्भमा *राइट फर राइट्स*को अभियानलाई पनि जोड्दै इलाइजन, डाइनामिक, हिकास्ट, एनसिसि र पिस भिजन युथनेटवर्कका सदस्यहरूले कार्यक्रमस्थल मण्डला थियटरमा दक्षिण कोरियका अपाङ्गता भएका व्यक्ति र अभियन्ता क्युङ्ग सोकको सुरक्षा र अधिकारका लागि हस्ताक्षर सङ्कलन गरेका थिए।
- **२०८२ वैशाख ८ र ९ गते (२१ र २२ अप्रिल)** गण्डकी प्रदेशका विभिन्न जिल्लाका पीडित अगुवाहरूले गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट द्वन्द्वपीडितहरूलाई प्रदान गर्दै आएको राहत सहयोगको प्रभावकारीता विश्लेषण गर्न र निरन्तरताका लागि वकालत गर्न लमजुङ, तनहुँ, गोरखा, म्याग्दी, पर्वत, बागलुङ, कास्की, नवलपुर र स्याङ्जा जिल्लाका सामाजिक विकास अधिकृत तथा सामाजिक विकास मन्त्रालयका अधिकारीहरू समेतको सहभागितमा छलफल र परामर्श गरे। उक्त सन्दर्भमा पीडित अगुवाहरूले गण्डकी प्रदेशका मुख्य मन्त्री सुरेन्द्र पाण्डे, मुख्य न्यायधिवक्ता चिरन्जीवी शर्मा पौडेल, वन तथा वातावरण मन्त्री भेष बहादुर पौडेलसँग पनि भेट गरी आफ्नो सरोकारहरू प्रस्तुत गरेका थिए। पोखराको पौवा होटलमा आयोजित उक्त कार्यक्रमलाई एम्नेस्टी नेपालले आवश्यक सहयोग उपलब्ध गराएको थियो।

## अन्तर्राष्ट्रिय दिवसहरूको सन्दर्भमा विभिन्न कार्यक्रमहरूको आयोजना

बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस (३० अगस्ट) (International Day of the Victims of Enforced Disappearances) का सन्दर्भमा द्वन्द्वपीडित राष्ट्रिय सञ्जाल र नागरिक संस्थाहरूले **२०८१ भाद्र १४** गते साँझ काठमाडौंको माइतीघरमा दीप प्रज्वलन कार्यक्रमको सहआयोजना गरेका थिए। यस कार्यक्रमको तयारी, व्यवस्थापन, संयोजन र समन्वय एम्नेस्टी इन्टरनेसनल नेपालले गरेको थियो।

हरेक वर्ष जुन १९ का दिन अब्जर्व गरिने "द्वन्द्वमा हुने यौन हिंसा उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस" का सन्दर्भमा आयोजित विविध गितिविधिहरूमा सहभागिता र ऐक्यबद्धताका साथै असार ४ गते शान्तिबाटिकामा आयोजित दीप प्रज्वलन कार्यक्रमको संयोजन गऱ्यो।



*१३५० लेखिएको आकृतिमा मिलाएर राखिएको मैनबत्तीहरू प्रज्वलन गर्दै सहभागीहरू।*

## द्वन्द्वपीडितहरूको सम्झनामा स्मृति कार्यक्रमहरू

### मुक्तिनाथ अधिकारीको २३ औं समृति कार्यक्रम

एम्नेस्टी इन्टरनेसनल नेपालको लमजुङ जिल्लास्थित तत्कालीन एम्नेस्टी नेपाल समूह ७९ का संयोजक तथा पाणिनी संस्कृत माध्यमिक विद्यालयका प्रधानाध्यापक मुक्तिनाथ अधिकारीलाई माओवादी कार्यकर्ताहरूले मिति २०५८ साल माघ ३ गते स्कूलको कक्षाकोठाबाट अपहरण गरी दुई किलोमिटर माथि लगी उत्तिसको रूखमा झुन्ड्याई गोली र छुरा प्रहार गरी हत्या गरेको २०८१ साल माघ ३ गते २३ वर्ष पूरा भएको सन्दर्भमा एम्नेस्टी नेपालले पीडित परिवार र मुक्तिनाथ अधिकारीका छोरा सुमन अधिकारीको अनुरोधअनुसार लमजुङस्थित घटनास्थलको अवलोकन गरी उक्त घटनाको स्मृति गर्दै विद्यालयमा आयोजना गरिएको स्मृति कार्यक्रममा सहभागिता जनायो। कार्यक्रममा सुमन अधिकारका साथै एम्नेस्टी नेपालका पूर्व अध्यक्ष तथा बरिष्ठ मानवअधिकारकर्मी चरण प्रसाईं, अध्यक्ष बिपिन बुढाथोकी, निर्देशक निराजन थपलिया, पत्रकारहरू कमला पन्थी, भाषा शर्मा र संसाद हुसेनको उपस्थिति रहेको थियो। माघ ३ गते बिहान दुराडाँडास्थित घटनास्थल अवलोकन गरी दिउँसो पाणिनि संस्कृत माविमा आयोजित कविता वाचन कार्यक्रममा सहभागिता जनाइएको थियो।

**चैत्र २५** गते (७ अप्रिल) द्वन्द्वपीडित सरोकार केन्द्र दाङद्वारा आयोजित अर्जुन चौधरीलगायतका युवाहरूलाई सामुहिक गैरन्यायिक हत्या गरेको २० औं स्मृति सभा कार्यक्रमको आयोजनाका लागि एम्नेस्टी नेपालले आर्थिक, प्राविधिक र लजिस्टिकल सहयोग उपलब्ध गरायो।




## नागरिक सङ्घ संस्थाहरूको सहकार्यमा आयोजित अन्य कार्यक्रमहरू

### सङ्क्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलन

द्वन्द्वपीडित सङ्घसंस्था र नागरिक सङ्घ संस्थाहरूको संयुक्त पहलमा चैत्र १४ गते आयोजना गरिएको सङ्क्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलनको सहआयोजकको रूपमा एम्नेस्टी नेपाल रहेको थियो।

कार्यक्रममा प्रधानमन्त्री केपी ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको प्रमुख र विशिष्ट अतिथिको रूपमा उपस्थिति रहेको थियो।




*द्वन्द्वपीडित सङ्घसंस्था र नागरिक समाज सङ्घ-संस्थाहरूको संयुक्त पहलमा काठमाडौँमा आयोजित सङ्क्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलनको सह-आयोजकको रूपमा एम्नेस्टी नेपाल पनि संलग्न थियो। तस्वीरमा प्रधानमन्त्री केपी शर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रमुख तथा विशिष्ट अतिथिको रूपमा अन्य वक्ताहरूसँग मञ्चमा उपस्थित देखिनुहुन्छ।*

**"सङ्क्रमणकालीन न्यायको भविष्यः सुनिश्चित वा अनिश्चित?" विषयक अन्तरक्रिया कार्यक्रम**

एम्नेस्टी इन्टरनेसनलको अभियान सुरू भएको ६४ औं सन्दर्भमा २८ मे  का दिन एम्नेस्टी इन्टरनेसनल नेपालले द्वन्द्वपीडित महिलाहरूको राष्ट्रिय सञ्जाल (सिभिडब्लुएन) र ह्युमन राइट्स् एण्ड जस्टिस् सेन्टरसँगको सहकार्यमा ***"सङ्क्रमणकालीन न्यायको भविष्यः सुनिश्चित वा अनिश्चित?"*** विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। त्यसक्रममा अधिकारकर्मीद्वय राजु प्रसाद चापागाईं र कपिल अर्यालद्वारा लिखित ***"नेपालको दश वर्षे सशस्त्र द्वन्द्व र विकासशील सङ्क्रमणकालीन न्याय विधिशास्त्रः एक विश्लेशणात्मक अध्ययन"*** प्रतिवेदनलाई पनि सार्वजनिक गरिएको थियो। कार्यक्रमसम्बन्धी थप जानकारी यहाँ रहेको छ। उक्त कार्यक्रममा माननीय कल्याण श्रेष्ठले दिनुभएको सारगर्भित मन्तव्य यहाँ सुन्न सकिन्छ।



प्रतिवेदनको अनावरण गर्दै पूर्व प्रधानन्यायाधीस कल्याण श्रेष्ठ (बीच) लगायत। टेबलमा एम्नेस्टी इन्टरनेसनलको बलिरहेको मैनबत्ती, समूहमा २ महिला ५ पुरुषहरू।

**सङ्क्रमणकालीन न्यायसम्बन्धी विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review) छायाँ प्रतिवेदन सबमिसनमा सहभागिता**

एम्नेस्टी नेपाल लगायत करिब तीन दर्जन द्वन्द्वपीडित र नागरिक संघसंस्थाहरूले संयुक्त राष्ट्र सङ्घको मानवअधिकार परिषद्को ५१औं सत्रमा हुने नेपालको विश्वव्यापी आवधिक समीक्षाका लागि सङ्क्रमणकालीन न्यायका प्रमुख सवाल र सरोकारहरूलाई औंल्याउँदै जुलाई १७ मा छायाँ प्रतिवेदन बुझाए।

## ३. नेपालमा नागरिक तथा राजनीतिक अधिकारको प्रवर्द्धनसम्बन्धी अभियान

### जातीय विभेदविरूद्धको अभियान

**"जातीय विभेद र हिंसा पीडितका लागि न्यायमा पहुँच" शीर्षकमा सामाजिक न्याय संवादको पाँचौं श्रृङ्खला कार्यक्रम**

जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा २१ मार्च २०२५ मा एम्नेस्टी नेपालले विभिन्न नागरिक समाज संस्थाहरूसँगको सहकार्यमा गरिएको कार्यक्रममा प्रस्तुती र छलफलका साथै रोचक प्यानल छलफल आयोजना गरेको थियो।




*सामाजिक न्याय संवादको पाँचौं श्रृङ्खला कार्यक्रम "जातीय विभेद र हिंसा पीडितका लागि न्यायमा पहुँच" लेखिएको ब्यानर अगाडी तीन पुरुष र दुई महिला प्यानलिष्टहरू र एक महिला मोडरेटर (माथि); दर्शनदिर्घाको पछाडीको हरफबाट अगाडी डायसमा प्यानालिष्टहरू बसेको देखिने गरी खिचिएको फोटो।*

### जापानी विद्यार्थीहरूलाई नेपालमा दलित समुदायहरूको अवस्थाबारेमा जानकारी प्रदान

२०८१ माघ २९ गते जापानको ह्योगो प्रिफेक्चरस्थित क्वान्सेई गाकुइन विश्वविद्यालयका १४ जना विद्यार्थी तथा शिक्षकहरूलाई नेपालमा दलित समुदायले भोगिरहेका चुनौतीहरूका बारेमा जानकारी दिइएको थियो र एम्नेस्टीको अध्ययन प्रतिवेदन **"कसैलाई मतलब छैन": नेपालमा दलितविरुद्ध वंशमा आधारित विभेद**"का निष्कर्षहरू पनि प्रस्तुत गरिएको थियो।

### दासता उन्मूलन दिवसका अवसरमा रेडियो सगरमाथामा निर्देशक निराजन थपलियासँगको विशेष कुराकानी

दासता उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस डिसेम्बर २ का दिन रेडियो सगरमाथामा कार्यक्रम सञ्चालक नवराज बुढाथोकीसँग समसामयिक विश्वव्यापी दासताको स्वरूपहरू, नेपालमा रहेका दासताका प्रवृत्ति आदिका बारेमा निर्देशक निराजन थपलियाले गर्नुभएको कुराकानी यहाँ सुन्न सकिन्छ।

## नागरिकहरूको विरोध गर्ने अधिकारको अभ्यासमा राज्यले गर्ने व्यवहारको अनुगमन



*३९ जना व्यक्तिहरू सामूहिक तस्वीरका लागि ३-४ वटा ताँतीमा उभिएका, अगाडिका दुई पङ्क्तिले चम्किलो हरियो रङ्गको हाफ ज्याकेट लगाएका, समूहमा लगभग आधा संख्या पुरुष आधा संख्या महिलाहरू।*

### प्रोटेस्ट अब्जर्भर प्रिप्रिडिप्लोएमेन्ट तालिम

काठमाडौं उपत्यका, हेटौडा, चितवन, बारा र धनुषा जिल्लाका सेलेक्टेड ३५ सदस्यहरूलाई २०८१ श्रावण ३२ र भाद्र १ गते भक्तपुरमा विरोध प्रदर्शन अवलोकनसम्बन्धी कार्यशाला आयोजना गरियो। कार्यशालामा विरोध प्रदर्शन अवलोकनका विधि, प्रकृया, अवलकोनकर्ताको दायित्व, आचार संहिता, रिपोर्टिङ्ग गर्ने तरिका, सुरक्षा जोखिमको आङ्कलन, सचिवालयसँग समन्वय र सञ्चार गर्ने विधि लगयातका सवालमा सैद्धान्तिक छलफल र व्यवहारिक अभ्यासहरू गरिएको थियो।

### पाथीभरा क्षेत्रमा देखिएको द्वन्द्व र मानवअधिकार सवालका बारेमा स्थलगत अध्ययन र प्रतिवेदन

ताप्लेजुङ जिल्लाको पाथीभरा मन्दिरमा केबलकार निर्माणको विषयमा देखिएको स्थानीय द्वन्द्व र प्रशासनद्वारा भएको बलको प्रयोगबाट सिर्जित मानवअधिकारको सवालमा एम्नेस्टी नेपालको अग्रसरतामा

२०२४ को मार्च महिनाको पहिलो र दोस्रो सातामा विभिन्न नागरिक समाज संस्था (जवाफदेहिता निगरानी समूह, एड्भोकेसी फोरम नेपाल, जुरी नेपाल)का प्रतिनिधिसमेतको टोलीले विभिन्न सरोकारवालाहरूसँग बैठक, संवाद र परामर्श छलफल गरी सिफारिससहितको संक्षिप्त प्रतिवेदन सार्वजनिक गरिएको थियो ।



*सयौं रुखहरू केबलकारका लागि काटिएका छन्।*

## तीनकुने घटनाको निष्पक्ष छानबिनका लागि आह्वान

२०८१ चैत्र १५ गते तीनकुने घटनामा भएको हिंसात्मक गतिविधिहरूको तथ्यपरक, वस्तुनिष्ठ, स्वतन्त्र र निष्पक्ष न्यायिक छानबिनको माग गर्दै विभिन्न नागरिक समाज संस्थाहरूसँग मिलेर एम्नेस्टी नेपालले






### तीनकुने घटनामा न्यायिक छानबिन माग

काठमाडौं, चैत २४ (नागरिक)- यही चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक घटनाका विषयमा न्यायिक छानबिन गरी भविष्यमा यस्तो घटना नदोहोरिने सुनिश्चित गर्न मानवअधिकारवादी संघसंस्थाले सरकारसँग आग्रह गरेका छन्। घटनाबारे थप उजागर हुँदै गएका तथ्यहरूबाट प्रहरीले नै बल प्रयोग गरेको भन्दै ती संघसंस्थाका अगुवाहरूले छानबिनको मागसमेत गरेका छन्। उनीहरूले जाँचबुझ आयोग ऐन २०२६ को दफा ३ अन्तर्गत संयन्त्र बनाई जवाफदेही हुन भनेका छन्।

दण्डहीनताको संस्कृति अन्त्यका लागि आवश्यक सिफारिस गर्ने तथा बल प्रयोगका सन्दर्भमा विद्यमान कानुन, अभ्यास तथा व्यवहारको विश्लेषण गरी अन्तर्राष्ट्रिय मानवअधिकार कानुन, सिद्धान्त र अभ्यासअनुरूपको आवश्यक सुधारका लागि सिफारिससमेत गर्ने कार्यदिशा उक्त संयन्त्रलाई तोक्न ती संघसंस्थाले आग्रह गरेका छन्। जवाफदेही निगरानी समूहका राजुप्रसाद चापागाई, एम्नेस्टी इन्टरनेसनलका निराजन थापा, एड्भोकेसी फोरमका विकास बस्नेत, न्याय तथा अधिकार संस्थाका रुक्मिणी महर्जनद्वारा जारी संयुक्त विज्ञप्तिमा अनुसन्धान र अभियोजनलाई राजनीतिक आग्रह-पूर्वाग्रह, दबाब र प्रभावबाट मुक्त राखेर छानबिन गर्न माग गरिएको हो।

प्रदर्शनका क्रममा भएका आगजनी, तोडफोड, लुटपाटलगायत आपराधिक क्रियाकलापहरूको निष्पक्ष अनुसन्धानबाट जिम्मेवार देखिएकाहरूउपर कानुनबमोजिम अभियोजन गरिनुपर्ने निष्कर्ष उनीहरूले निकालेका छन्। यही घटनालाई बहाना बनाएर राजनीतिक आस्थाका आधारमा अस्वाभाविक रूपमा राज्यद्रोह वा संगठित अपराधको अभियोजनमा तान्ने काम जायज नहुने भन्दै उनीहरूले राज्यलाई सचेत पनि गराएका छन्। 'विरोधका कार्यक्रमहरूलाई शान्तिपूर्ण बनाउन विरोधलाई हिंसात्मक हुन नदिन आवश्यक पूर्वहोसियारी, संयम अपनाउन, सर्वसाधारणको जीवन, सम्पत्ति र व्यवसायको सुरक्षाको यथोचित प्रत्याभूतिका लागि संवेदनशील हुन सम्बन्धित सबैलाई आह्वान गर्छौं,' संयुक्त विज्ञप्तिमा भनिएको छ, 'घटनामा भएको बल प्रयोग, त्यसको दुष्परिणाम पत्रकार सुरेश रजकको रहस्यमय मृत्यु, प्रदर्शनकारीबाट भएका गरिएका हिंसात्मक कार्यहरूको निष्पक्ष तथा स्वतन्त्र न्यायिक छानबिन अत्यावश्यक देखिएको छ।' नागरिकको सुरक्षाको आशा र भरोसाको केन्द्रमा रहेको प्रहरी संगठन तथा गृह प्रशासनको विश्वसनीयता क्षयीकरण हुन नदिन पनि यस्तो स्वतन्त्र छानबिन अत्यावश्यक भएको विज्ञप्तिमा उल्लेख छ।

अत्यधिक बल प्रयोग गर्नेलाई जिम्मेवार बनाउन एवं बल प्रयोगसम्बन्धी अभ्यासमा सुधार गर्न यसअघि सिफारिसहरू हुँदै आएका छन्। तर ती सिफारिसहरूको कार्यान्वयन गरी जवाफदेहिता सुनिश्चित गर्न नसकिएकोप्रति सरोकारवाला संस्थाले ध्यानाकर्षण गराएका छन्। 'चेन अफ कमान्डमा कानुनसंगत आदेशका आधारमा चल्नुपर्ने संगठन भए पनि दण्डहीनताको निरन्तरताका कारण अत्यधिक बल प्रयोगको प्रवृत्ति तोडिन सकेको देखिँदैन,' विज्ञप्तिमा भनिएको छ।

संयुक्त विज्ञप्ति जारी गर्यो। साथै, चैत्र २२ गते बरिष्ठ मानवअधिकारकर्मी चरण प्रसाई लगायत एम्नेस्टी नेपालको टोलीले जिल्ला प्रहरी परिसर, काठमाडौंमा थुनामा रहेका राप्रपाका नेता रबिन्द्र मिश्र र धवल शमशेर जबरालाई भेटी उहाँहरूको स्वास्थ्य लगायत अन्य चासोको बारेमा जानकारी लिइयो।

## डिजिटल अधिकार

### डिजिटल राइट्ससम्बन्धी तालिम

मिति २०८१ पुस ११ गते एम्नेस्टी नेपालले काठमाडौं उपत्यकाभित्र र पनौतीसम्मका समूह र युथनेटवर्कका ४० जना सदस्यहरूलाई डिजिटल राइट्स् नेपालसँगको सहकार्यमा एकदिने तालिम प्रदान गर्यो। कार्यक्रममा डिजिटल राइट्स र मानवअधिकारबीचको सम्बन्ध, डेटा सुरक्षा र संरक्षण, गोपनीयता, इन्टरनेट र अनलाइन स्पेसहरूमा हुन सक्ने हिंसा र कानुनी उपचार, डिजिटल राइट्सँग सम्बन्धित चुनौतीलगायतका सवालहरूमा डिजिटल राइट्स् नेपालका विज्ञहरूद्वारा प्रशिक्षण प्रदान गरिएको थियो।





*तस्वीरमा सहभागीहरू डिजिटल राइट्स नेपालका विज्ञहरूद्वारा सञ्चालन गरिएको प्रशिक्षण सत्रमा डिजिटल अधिकार, गोपनीयता, डेटा सुरक्षा र अनलाइन स्पेसमा हुने हिंसाका विषयमा छलफल गर्दै।*

## अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता

पत्रकार दिलभूषण पाठकविरुद्ध पक्राउ पुर्जी जारी गरिएको सन्दर्भमा नेपालमा अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको संरक्षणमाथि गम्भीर चिन्ता पैदा गरेको र देशभित्रको स्वतन्त्र आवाजहरूलाई दबाउने जोखिम बढाएको जनाउँदै पत्रकार दिलभूषण पाठकविरुद्ध जारी गरिएको पक्राउ पुर्जी तत्काल फिर्ता लिन र सञ्चार सामग्रीसम्बन्धी कुनै पनि गुनासाहरू प्रेस काउन्सिल नेपाल जस्ता उपयुक्त र स्वतन्त्र निकायमार्फत सम्बोधन गर्न आह्वान गर्दै २०८२ जेठ ३० गते एक प्रेस वक्तव्य जारि गरिएको थियो।



# Amnesty International calls arrest warrant against journalist Pathak an attack on media freedom

## The rights body urges authorities to withdraw the warrant, saying the move aims to silence critical journalism and misuse state power.

**POST REPORT**
KATHMANDU, JUNE 13

*Amnesty International Nepal on Friday said the arrest warrant against journalist Dil Bhusan Pathak raises serious concerns over media freedom and risks silencing independent voices.*

Amnesty said the warrant, reportedly issued under the Electronic Transactions Act after a police complaint, followed Pathak's report on alleged business links involving senior political figures, including a sitting minister.

"This case represents a troubling attempt to use state power to deter investigative journalism. Authorities must stop the investigation under the abusive ETA and refrain from arresting Pathak solely for his reporting and critical questions asked on his YouTube channel," said Nirajan Thapaliya, director of Amnesty International Nepal.

"Journalists must be able to ask difficult questions and expose uncomfortable truths without fear of reprisal. Using legal provisions to threaten critical reporting directly attacks freedom of expression—a right guaranteed by Nepal's Constitution and international human rights law."

"This action sets a dangerous precedent for media freedom and the right to free expression in the country," said Thapaliya. "Freedom of expression—including the right to seek, receive, and impart information—is a fundamental human right that must be safeguarded, even when the subject matter may be politically sensitive."

While matters of public interest such as this fall squarely within the scope of journalistic scrutiny and accountability, Amnesty International Nepal said the decision to pursue criminal action against Pathak raises serious questions about the misuse of state authority to harass and intimidate journalists.

It calls on the authorities to immediately withdraw the arrest warrant against journalist Pathak and ensure that any grievances related to media content are addressed through appropriate and independent mechanisms, such as the Press Council Nepal.

The government must uphold its national and international obligations to protect media freedom and guarantee that journalists can perform their essential role in society without fear of harassment, intimidation, or undue interference, reads the statement.

**सङ्क्रमणकालीन न्याय र अभिव्यक्ति स्वतन्त्रता सवालमा संपादकहरूको अन्तरसंवाद**

मिति २०८२ असार १४ र १५ गते (२०२५ जुन २८ र २९) एम्नेस्टी नेपालले सञ्चारिका समूह र डिजिटल राइट्स् नेपालसँगको सहकार्यमा *"स्टेट अफ ट्रान्जिसनल जस्टिस् एण्ड फ्रिडम अफ एक्स्प्रेसन इन नेपाल : रोल अफ मिडिया टु प्रोमोट भोइस्, इन्क्लुसिभिटि, अकाउन्टेबिलिटि एण्ड जस्टिस्"* शीर्षकको अन्तरसंवाद कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा नेपालको मेनस्ट्रिम प्रिन्ट, अनलाइन र इलेक्ट्रोनिक मिडिका प्रधानसंपादक, केही बरिष्ठ मानवअधिकारकर्मी तथा द्वन्द्वपीडित अगुवाहरूको सहभागिता थियो।



*सङ्क्रमणकालीन न्याय र अभिव्यक्ति स्वतन्त्रता सवालमा संपादकहरूको अन्तरसंवादपश्चात प्राकृतिक हरियाली सहितको पृष्ठभूमीमा दुई हरफमा क्रमबद्ध सहभागी प्रधानसंपादकहरू, केही बरिष्ठ मानवअधिकारकर्मीहरू तथा द्वन्द्वपीडित अगुवाहरू एवं एम्नेस्टी नेपालका अध्यक्ष तथा निर्देशक।*

## यातनाविरूद्धको अधिकार

### यातना रोकथामको माग गर्दै विज्ञप्ति

नेपालको संविधान, कानुन र यातना विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि सबैले यातनालाई कडा र पूर्ण रूपमा प्रतिबन्धित गरेपनि यातना र दुर्व्यवहारलाई व्यवहारगत तहमा प्रभावकारी ढङ्गबाट रोक्न विफल हुँदा नेपाल सरकारले आफ्नो दायित्व उल्लङ्घन गरिरहेको जनाउँदै एम्नेस्टी इन्टरनेसनल नेपाल र एड्भोकेसी फोरम-नेपाल (एएफ)ले यातना पीडितहरूको समर्थनमा अन्तर्राष्ट्रिय दिवस (जुन २६)को पूर्वसन्ध्यामा एक संयुक्त विज्ञप्ति जारी गरियो।

## ४.मानवअधिकार शिक्षा कार्यक्रम

### मानवअधिकार शिक्षा कार्यशाला आयोजना

२०८१ चैत्र १५ र १६ गते (मार्च २८ र २९) चितवनमा विभिन्न समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूको सहभागितामा मानवअधिकार शिक्षा प्रशिक्षण कार्यशाला सम्पन्न गरियो। गैरविभेद र न्यायमा पहुँचको सवाललाई केन्द्रमा राखी आयोजना गरिएको उक्त प्रशिक्षण कार्यक्रमका सहभागीहरूले आआफ्नो युथनेटवर्क र समूहको परिचालन र सशक्तिकरणका माध्यमबाट मानवअधिकार शिक्षाको अभियानलाई स्थानीय स्तरमा अघि बढाउन भूमिका खेल्ने अपेक्षा लिइएको छ। थप जानकारी यहाँ रहेको छ।




*पछाडी पाल्म प्रजातिको रूखका हाँगा र पातहरू र अगाडी मैदान, त्यस मैदानमा २-३ पङ्क्तिमा रहेका ६० जना व्यक्तिहरूको ग्रुप फोटो, समूहमा महिला र पुरूषको संख्या लगभग बराबर, दायाँ एम्नेस्टी इन्टरनेसनलको लोगो भएको स्टयाण्ड ब्यानर।*

### सदस्यहरूका निम्ति मानवअधिकार शिक्षा सत्र संचालन

- २०८१ भाद्र २२ गते (७ सेप्टेम्बर २०२४) मा मेडीकोस युथ नेटवर्कद्वारा किस्ट टिचिङ्ग हस्पिटलमा आयोजित मानवअधिकार शिक्षा ओरियनटेशन कार्यक्रममा मानवअधिकार शिक्षा संयोजक कुन्दन राज शर्माले सहजिकरण गरेका थिए।
- मिति २०८१ असोज ९ गते (२५ सेप्टेम्बर २०२४) मानवअधिकार शिक्षा संयोजक कुन्दन राज शर्माले पुरन्चौर युथ नेटवर्कका सदस्यहरूलाई भर्चुअल ओरिन्टेशन सेसन संचालन गरेका थिए।
- मिति २०८१ असोज ७ गते समूह ९ मलंगवका सदस्यहरूलाई मलंगवास्थित महिन्द्र होटलको सभाहलमा प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो। उक्त प्रशिक्षण कार्यक्रममा निर्देशक निराजन थपलिया, सदस्यता इन्चार्ज चक्र कुमार प्रधान र तत्कालीन नेसनल बोर्ड सदस्य गरिमा पाण्डेयको सहभागिता रहेको थियो।
- २०८१ चैत्र २३ गते, शनिबार झापाको दमक र मोरंगको उर्लाबारीमा सक्रिय रहेका एम्नेस्टी नेपालका समूहहरू ६०, ७५, ८३ र १४ तथा दमक युथनेटवर्कका सदस्यहरूको सहभागितामा सदस्यता अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो।

- सुनसरी जिल्लाका समूह ६, ६३ र १०; मोरंग जिल्लाको समूह ७३ र तेह्रथुम जिल्लाको समूह ४ का सदस्यहरूको सहभागितामा इटहरीमा २०८१ चैत्र २२ गते, आइतबार एम्नेस्टी इन्टरनेसनल र मानवअधिकार अभियानको सवालमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो।
- समूह ७७, जाजरकोटले असार १६ गते आयोजित समूहको साधारण सभा र समूहद्वारा छेडागाडा नगरपालिकामा असार १७ गते आयोजना गरिएको मानवअधिकार शिक्षा कार्यक्रममा एम्नेस्टी नेपाल शाखाका नेसनल बोर्ड अध्यक्ष बिपिन बुढाथोकी र निर्देशक निराजन थपलियाको सहभागिता रहेको थियो।

## एम्नेस्टी नेपालआबद्ध समूह तथा युथ नेटवर्कले संचालन गरेका मानवअधिकार शिक्षा सत्रहरूः

एम्नेस्टी नेपालआबद्ध समूह तथा युथ नेटवर्कहरूले वर्षभरि गर्ने मानवअधिकारसम्बन्धी मुख्य गतिविधिहरूमध्ये विभिन्न विद्यालय तथा विश्वविद्यालयहरूमा कक्षा समय माग गरी वा हल माग गरी मानवअधिकार शिक्षा सत्रहरू संचालन गरी मानवअधिकारका आधारभूत मान्यताहरूका साथै मानवअधिकारका विभिन्न विषयहरूमा एम्नेस्टी इन्टरनेसनलको धारणाको बारे जानकारी प्रदान गर्ने तथा जनचेतना अभिवृद्धि गर्ने कार्य समावेश छ। आर्थिक वर्ष २०८१/८२ भरिमा एम्नेस्टी नेपाल आबद्ध समूह तथा युथ नेटवर्कहरूले मानवअधिकार शिक्षा सत्रहरूको संचालन गरी कुल १३,६९४ विद्यार्थीहरू माझ मानवअधिकार आधारभूत मान्यताहरू तथा मानवअधिकारका विभिन्न विषयहरूमा जानकारी प्रदान गर्ने तथा जनचेतना अभिवृद्धि गर्ने कार्य गर्नुभयो।



*मानवअधिकार शिक्षा सत्र संचालन गर्दै पक्लिहवा युथ नेटवर्कका सदस्यहरू*



मानवअधिकार शिक्षा सत्र संचालन गर्दै पाखिबास युथ नेटवर्कका सदस्यहरू




मानवअधिकार शिक्षा सत्र संचालन गर्दै क्वालिटी युथ नेटवर्कका सदस्य




मानवअधिकार शिक्षा सत्र संचालन गर्दै समूह ७६ का सदस्यहरू

## ५. इन्टरनेसनल सोलिडारिटी क्यामपेन (International Solidarity Campaign)

बंगलादेशमा भएको जुलाई २०२४ को प्रदर्शनमा अधिकारीहरूले प्रदर्शनकारीहरूमाथि गरेको चर्को दमनको अन्त्यको माग गर्दै एम्नेस्टी नेपालले मिति २०८१ श्रावण १६ (जुलाई ३१) का दिन इनहुरेड इन्टरनेसनल र पुरक एसियासँगको सहकार्यमा काठमाडौंस्थित बंगलादेशी दूतावास अगाडि आयोजना गरेको शान्तिपूर्ण प्रदर्शनमा नागरिक संघसंस्था, अभियन्ता, पत्रकार गरी करिब १०० को उपस्थिति थियो। एम्नेस्टी नेपाल र मानवअधिकारकर्मीहरूको टोलीले राजदूत सलाउद्दीन नोमान चौधरीसँग भेट गरी बंगलादेशको वर्तमान अवस्था र श्रावण १४ मा नेपालका मानवअधिकारकर्मीहरूले जारी गरेको विज्ञप्ति राजदूत समक्ष पेश गरेको थियो।




*शान्तिपूर्ण प्रदर्शनमा बंगलादेशमा प्रदर्शनकारीमाथि दमनको विरोध गर्दै काठमाडौंको बंगलादेशी दूतावास अगाडि मानवअधिकारकर्मीहरू।*

## "राइट फर राइट्स्" अभियान


सन् २०२४ को पत्रलेखन अर्थात् "राइट फर राइट्स" अभियानको पूर्वतयारीका लागि एम्नेस्टी इन्टरनेसनल नेपालले मिति २०८१ मंसिर १ गते (१६ नोभेम्बर २०२४) मधेश प्रदेशको बारा, सिमरामा सदस्यहरूको सहभागितासहित एक तयारी कार्यशाला आयोजना गरेको थियो। यस अभियान अन्तर्गत नेपालका हिरासतमा हुने मृत्युका घटनाहरूको प्रभावकारी अनुसन्धान, जवाफदेहिता र अन्त्यका साथै अङ्गोला, क्यानाडा, टर्की, साउदी अरेबिया र दक्षिण कोरियामा रहेका जोखिममा परेका व्यक्ति तथा समुदायहरूको सुरक्षा, न्याय र अधिकारका लागि एम्नेस्टी नेपालले अभियान सञ्चालन गरेको थियो। सो अभियानमार्फत जम्मा १,५५,७०५ पिटिसनहरू संकलन गर्न सफल भएको थियो।




*सन् २०२४ को "राइट फर राइट्स" अभियानको पूर्वतयारीका लागि २०८१ मंसिर १ गते बारा, सिमरामा आयोजित एम्नेस्टी इन्टरनेसनल नेपालको तयारी कार्यशालामा सहभागी सदस्यहरूको सामूहिक तस्बिर।*

यी छ जोखिममा परेका व्यक्ति वा समुदायहरूमा अङ्गोलाकी नेथ नाहारा, जसले टिकटकमार्फत राष्ट्रपतिको आलोचना गरेको कारण जेल सजाय भोगेकी थिइन् (उनको समर्थनमा २४,८१० हस्ताक्षर संकलन गरिएको थियो); क्यानाडाका वेट्सुएटेन राष्ट्रका भूमि रक्षकहरू, जसले आफ्नो पुर्ख्यौली भूमि र पृथ्वीको संरक्षणका लागि संघर्ष गर्दै आएका छन् (२६,२८२ हस्ताक्षर); टर्कीकी शेबनेम कोरुर फिन्चान्ची, जसले मानवअधिकारको रक्षा गर्दा दोषी ठहरिएकी थिइन् (२५,३९१ हस्ताक्षर); साउदी अरेबियाकी मानाहेल अल ओतैबी, जसले महिलाअधिकारको समर्थन गरेको कारण ११ वर्षको जेल सजाय पाएकी थिइन् (२६,३५१ हस्ताक्षर); दक्षिण कोरियाकी क्यांङ-सक पार्क, जसले अपाङ्गता भएका व्यक्तिहरूका अधिकारका लागि संघर्ष गरिरहेका छन् (२५,५५६ हस्ताक्षर); र नेपाल, जहाँ हिरासतमा बढ्दो मृत्युका घटनाहरू रोक्न प्रधानमन्त्रीलाई आह्वान गर्दै २७,३१६ पत्र संकलन गरिएको थियो, समावेश छन्।

**"राइट फर राइट्स्" अभियान २०२४मा आफ्नो समूह वा युथनेटवर्कको सक्रियता र परिचालनमा सबैभन्दा धेरै पत्रहरूमा हस्ताक्षर सङ्कलन गर्ने दश समूह तथा युथ नेटवर्कहरू**



**"राइट फर राइट्स्" अभियान २०२४मा व्यक्तिगत रूपमा अभियानरत व्यक्तिगत सदस्यहरू र उहाँहरूले जुटाउन सफल हुनुभएको पिटीशनको कूल सङ्ख्या**




## गाजामा जारी जातीय संहारसम्बन्धी प्रतिवेदन सार्वजनिक

एम्नेस्टी इन्टरनेसनलले ५ डिसेम्बरमा *तपाईंलाई आफू अमानव भए जस्तो अनुभूति हुन्छ': गाजाका प्यालेस्टाइनीहरूविरुद्ध इजरायलको जातिसंहार ('You Feel Like You Are Sub-human': Israel's Genocide Against Palestinians in Gaza)* प्रतिवेदन सार्वजनिक गर्दै सन् २०२३ को अक्टोबर ७ मा दक्षिण इजरायलमा हमासद्वारा भएको घातक आक्रमणपछि सुरू गरिएको सैन्य कारबाहीमा इजरायलले गाजाका प्यालेस्टाइनीहरू विरुद्ध निर्लज्ज, निरन्तर र पूर्ण दण्डहीनताका साथ नारकीय वितण्डा र विध्वंश मच्चाउँदै जातिय संहार गरिरहेको प्रमाणहरू पेश गरेको थियो। प्रतिवेदनको सङ्क्षिप्त तथ्यहरू समाविष्ट प्रेस विज्ञप्तिलाई नेपालीमा अनुवाद गरी नेपालका सञ्चार माध्यम र अन्य साझेदारहरूलाई संप्रेषण गरिएको थियो।



# ६. युवा सहभागिताको प्रवर्धन

## १७ औं युथ मेला

मिति २०८२ वैशाख २६, २७ र २८ गते चितवनको भरतपुरमा [१७ औं युथ मेला आयोजना](#) गरिएको थियो। उक्त युथ मेलामा २५ वर्ष उमेर समूहका युथनेटवर्क र समूहका युवा सदस्य तथा युवा व्यक्तिगत सदस्यहरू गरी ९६ जनाको सहभागिता रहेको थियो। *"डिजिटल समावेशिताः आवाज, पहुँच र गोपनीयता"* थिममा केन्द्रित रहेको यस वर्षको १७ औं युथ मेलामा तीव्र गतिमा डिजिटलाइज भइरहेको विश्व परिवेशमा मानवअधिकार चुनौतीका विषयवस्तुहरूमा गहन प्रस्तुती, छलफल र सिकाइ आदान प्रदान गरिएको थियो। गाजामा जारी जातीय नरसंहार अन्त्यको माग गर्दै *पब्लिक याक्सन* पनि गरिएको थियो।



*एम्नेस्टी इन्टरनेसनल नेपालद्वारा आयोजित कार्यक्रममा सहभागी युवाहरू समूह तस्बिरका लागि पोज दिँदै।*

## साउथ एसिया युथ फोरममा नेपालका अभियानी युवाहरूको सहभागिता

एम्नेस्टी इन्टरनेसनलले श्रीलङ्काको कोलम्बोमा सन् २०२५ को मार्च २८ देखि ३० सम्म आयोजना गरेको *साउथ एसिया युथ फोरम*मा नेपालका अभियानी युवाहरू रुक्शना कपाली, नगमा माली, आविद हुसैन र अञ्जली साहको सहभागिता रह्यो। एम्नेस्टी नेपालले सबैभन्दा धेरै मानवअधिकार शिक्षा सत्रको रिच, *राईट फर राईट्स*को पिटिसनमा हस्ताक्षर सङ्कलन, नागरिक समाज संस्थाहरूमा मानवअधिकारका विभिन्न विषयहरूमा भोकल भई आफूसमेत *राइट्स्होल्डर* समूहहरूका सदस्य रहेको आधारमा नौ जना युवाहरूको नाम सिफारिस गरेकोमा एम्नेस्टी इन्टरनेसनल दक्षिण एसिया क्षेत्रीय कार्यालयले चार जना युवाहरूलाई उक्त फोरममा सहभागिता गराएको थियो।

# ७. अन्य विविध गतिविधिहरू

## विश्वको मानवअधिकार अवस्था प्रतिवेदन सार्वजनिकीकरण

सन् २०२४ मा विश्वका १५० देशको मानवअधिकार अवस्थाको विश्लेषण गर्दै तयार पारिएको विश्वको मानवअधिकार अवस्था (द स्टेट अफ दी वल्ड्‌र्ज ह्युमन राइट्‌स) प्रतिवेदनलाई एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाले अप्रिल २९ मा एक कार्यक्रम आयोजना गरी काठमाडौंमा सार्वजनिक गऱ्यो। प्रतिवेदनको अनावरण अध्यक्ष विपिन बुढाथोकी र प्रयत्न नेपालकी अध्यक्ष सरिता लामिछानेले संयुक्त रूपमा गर्नुभएको थियो। कार्यक्रमसम्बन्धी थप जानकारी यहाँ र कार्यक्रमको लाइभ प्रसारण यहाँ रहेको छ।




*विश्वको मानवअधिकार अवस्था प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रममा निर्देशक निराजन थपलियाले पावरप्वाइन्टसहित प्रस्तुती दिँदै (माथि); अध्यक्ष विपिन बुढाथोकी तथा अभियन्ता सरिता। लामिछानेले एकैसाथ प्रतिवेदन लोकार्पण गर्दै (बाँयाँ); दर्शकदिर्घाको अग्रपङ्‌क्तिहरूमा पूर्व अध्यक्षहरू वरिष्ठ मानवअधिकार रक्षकहरू तथा एम्नेस्टी नेपालका सदस्यहरू (दायाँ)*

## एम्नेस्टी इन्टरनेसनलको ग्लोबल गभर्नेन्ससँग सम्बन्धित गतिविधिहरूमा सहभागिता




*मानवअधिकार रक्षक तथा लोकतन्त्रपक्षधर अभियन्ता आनन नाम्फालाई लगाइएको फौजदारी मुद्दा तथा उनको स्वेच्छाचारी हिरासतविरूद्ध ग्लोबल असेम्ब्ली २०२४का सहभागीहरूले हलभित्र प्ल्याकार्डहरूको प्रदर्शन गर्दै गरेको एक्सनको फिसआई भ्यूमा खिचिएको फोटो।*

### ग्लोबल असेम्ब्ली २०२४ मा सहभागिता

एम्नेस्टी इन्टरनेसनलको सन् २०२४ को ग्लोबल असेम्ब्लीमा एम्नेस्टी नेपालको प्रतिनिधित्व गर्दै अध्यक्ष बिपिन बुढाथोकी, बोर्ड सदस्य मञ्जु बिश्वकर्मा र निर्देशक निराजन थपलियाको सहभागिता रह्यो। ग्लोबल असेम्ब्लीमा प्रस्तावित मोसनहरूमा *मोसन अन इकुइटेबल फाइनान्स एण्ड रिडिस्ट्रिब्युसन, मोसन अन रेस्ट्रिक्टेड गिभिङ्ग, मोसन अन सस्टेनेबिलिटी, मोसन अन युथ रेप्रेजेन्टेसन अन एम्नेस्टीज् ग्लोबल डिसिजन मेकिङ्ग, मोसन अन ट्याक्सेसन, इनइक्वालिटि एण्ड ह्युमन राइट्स, मोसन अन डिभलपिङ्ग अ पोलिसि अन रूल अफ ल एण्ड ह्युमन राइट्स् र मोसन अन राइट टु सेल्फ डिटरमिनेसन अफ इन्डिजिनस पिपल्ज्मा* केही भाषिक संशोधन गरी अनुमोदन गरिएको थियो। एम्नेस्टी बेल्जिय र न्युजिल्याण्डद्वारा प्रस्तावित *इमर्जेन्सी मोसन अन लुमेन ग्लोबल गर्भनेन्स रिफर्म*अन्तर्गत रहेका ३४ वटा विभिन्न प्रस्तावमा १४ वटामा मात्र ब्रेकआउट सत्रमा छलफल सम्पन्न भएकोले उक्त १४ वटा प्रस्तावहरूमाथि भोटिङ्ग गरिएकोमा संशोधित भाषासहितको १२ वटा प्रस्तावहरू अनुमोदन भएको थियो। बाँकी प्रस्तावहरूमाथि आगामी हुने ग्लोबल असेम्ब्लीमा पुनः छलफल गरिने जनाइएको थियो। अब देखिको प्रत्येक वर्ष आयोजना हुने ग्लोबल गभर्नेन्स मिटिङ्गका तीन जना शाखाका प्रतिनिधिहरूमा एकजना अनिवार्य युवा हुनुपर्ने भन्ने प्रस्ताव भने पारित भयो। यसका साथै, एम्नेस्टी नेपालबाट इन्टरनेसनल नोमिनेसन कमिटिको सदस्य पदमा मनोनित पासाङ शेर्पा सो पदमा दोश्रो कार्यकालका लागि निर्वाचित हुनुभएको छ।

**एसिया प्यासिफिसक क्षेत्रका डाइरेक्टहरूको भेला**

अक्टोबर २४ र २५ मा ताइवानको ताइपेइमा भएको एसिया प्यासिफिक क्षेत्रका एम्नेस्टी शाखाका डाइरेक्टरहरूको भेलामा नेपाल शाखाका निर्देशक निराजन थपलियाले सहभागिता जनाउनुभएको थियो। उक्त भेलामा सहभागी निर्देशकहरूले मानवअधिकारका क्षेत्रीय मुद्दाहरूको प्राथमिकीकरण, द्वन्द्व व्यवस्थापन, *वेलबिइङ्ग* तथा मुभमेन्टले अहिले भोगिरहेको व्यापक आर्थिक सङ्कट र बाह्य चुनौतीहरूका साथै नेपालमा आयोजना हुने *एपिआरएफ* रिजनल फोरमसम्बन्धी विषयहरूमा गहिरो छलफल र मन्थन गरेका थिए। साथै, अक्टोबर २६ मा ताइपेईमा आयोजना गरिएको हजारौं सहभागीहरूको विशाल "प्राइड परेड"मा सबै सेक्सन डाइरेक्टररूले सहभागिता जनाए।

**एम्नेस्टी इन्टरनेसनलको एसिया प्यासिफिक रिजनल फोरम काठमाडौंमा सम्पन्न**



एम्नेस्टी इन्टरनेसनल नेपालले सन् २०२५ को एम्नेस्टी इन्टरनेसनलको एसिया प्यासिफिक रिजनल फोरमलाई काठमाडौंमा पहिलोपटक *होस्ट* गर्दै आफ्नो सक्रिय सहभागिता जनाएको छ। मेको २, ३ र ४ सम्म चलेको उक्त फोरममा १२ शाखा (थाइल्याण्ड, हङकङ, ताइवान, फिलिपिन्स, मलेसिया, इन्डोनेसिया, जापान, कोरिया, न्युजिल्याण्ड, अस्ट्रेलिया, मंगोलिया र नेपाल) का प्रतिनिधिहरू, अन्तर्राष्ट्रिय बोर्ड, अन्तर्राष्ट्रिय सचिवालय, प्रेपकम र नोमिनेसन कमिटिका प्रतिनिधिहरूसमेत गरी ५० जना भन्दा बढीको सहभागिता रहेको थियो। फोरममा एम्नेस्टीमा गरिने रिसर्चको तरिका, विश्वको बढ्दो अधिनायकवादी शासनशैली र यसले पारेको मानवअधिकार प्रभाव, विश्वव्यापी रणनीतिको आवधिक प्रभाव मूल्याङ्कनका साथै प्रगति, जलवायु परिवर्तनसम्बन्धी फ्ल्यागसिप क्याम्पेनका स्वरूप, चुनौती र अवसरहरू, ग्लोबल गभर्नेन्स रिभ्यु र लुमेन, फाइनान्स, प्रेपकम तथा नोमिनेसन कमिटिका गतिविधिहरू र एम्नेस्टी लिडरहरू डेप्युटी सेक्रेटरी जनरल क्याथरिन टोमिलिन्सन, सिनियर डाइरेक्टर अन मुभमेन्ट इम्प्याक्ट

डिप्रोस मुचेना, इन्टरनेसनल ट्रेजरर दवाना राइट र इन्टरनेसनल बोर्ड सदस्य थितिरातसँगको प्यानल छलफल लगायतका सत्रहरूमा गहन छलफल, विमर्श, एक्सचेन्च, लर्निङ्ग, शेयरिङ्ग र पारस्परिक रणनीतिक चिन्तन गरिएको थियो।

## संस्थाको गभर्नेन्ससँग सम्बन्धित गतिविधिहरू

### सदस्यहरूको प्रादेशिक/क्षेत्रीय भेलाहरू

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३) को दफा १० को उपदफा (१) र (२) बमोजिमका सदस्यहरूको प्रादेशिक/क्षेत्रीय भेलाहरू मिति २०८१ भाद्र ११ देखि असोज ७ गतेका बीच सम्पन्न भए। बागमती (उपत्यका बाहिर) को भेला चितवनमा, बागमती उपत्यका भित्रको भेला ललितपुरमा, कर्णालीको भेला सुर्खेतमा, सुदूर पश्चिमको भेला धनगढीमा, लुम्बिनीको भेला दाङको भालुबाङमा, गण्डकीको भेला पोखरामा, कोशीको भेला झापाको बिर्तामोडमा र मधेशको भेला जनकपुरमा आयोजना गरिएको थियो। सबै क्षेत्रीय भेलाहरूमा २५३ जना क्षेत्रीय भेलाका प्रतिनिधि र करिब ५० जना पर्यवेक्षक र प्रेपकम सदस्यहरू समेत गरी ३०० जनाको क्षेत्रीय भेलाहरूमा सहभागिता रह्यो। सातै प्रदेशमा सम्पन्न आठ प्रादेशिक/क्षेत्रीय भेलाहरूले ३३ औं साधारण सभाका लागि विधानबमोजिम १०० जना केन्द्रीय प्रतिनिधिहरूको चयन गरेको थियो।

### तेत्तिसौं साधारण सभा




*गाजा पट्टिमा भैरहेको जातिहत्याको अन्त्यको माग गर्दै END GENOCIDE लेखिएको प्ल्याकार्डसहित एक्सन गर्दै एम्नेस्टी नेपालको तेत्तिसौं साधारण सभाका प्रतिनिधिहरू।*

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखा (एम्नेस्टी नेपाल) को तेत्तिसौं साधारण सभा मिति २०८१ मंसिर २९ र ३० गते (तदनुसार सन् २०२४ डिसेम्बर १४ र १५) नवलपरासी (सुस्ता पूर्व) जिल्लाको गैंडाकोट नगरपालिकामा सम्पन्न भएको छ। उक्त साधारण सभामा ९७ जना प्रतिनिधिसमेत गरी १४८ जनाको सहभागिता रहेको थियो। साधारण सभा आयोजना अघि एक प्रेस विज्ञप्ति जारी गरिएको थियो। साधारण सभा समापन पश्चात पनि साधारण सभाको निर्णयहरूसम्बन्धी एक विज्ञप्ति जारी गरिएको थियो।

# परिच्छेद २

## समूह र युथ नेटवर्कहरूले आ.व. २०८१/८२ मा गरेका कार्यक्रमहरूको विवरण

राष्ट्रिय सचिवालयमा प्राप्त भएको जानकारीअनुसार एम्नेस्टी इन्टरनेसनल नेपालका समूह र युथ नेटवर्कहरूले मिति २०८१ साउन १ देखि २०८२ असार ३२ गते (असार मसान्त) (१६ जुलाई २०२४ देखि १६ जुलाई २०२५) को अवधिमा आयोजना गरेका कार्यक्रम/गतिविधिहरू मध्ये राईट फर रईट्स् (पत्रलेखन), मानवअधिकार शिक्षा सत्र संचालन र अन्य एक्सनहरू गरी प्रतिनिधिमूलक कार्यक्रम/गतिविधिहरू निम्नानुसार समावेश छन्।

| समूह/युथ नेटवर्क | गतिविधि |
|---|---|
| समूह १, धनकुटा | |
| समूह २, सुर्खेत | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ४, तेह्रथुम | |
| समूह ५, महोत्तरी | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ६, इटहरी | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ७, महोत्तरी | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ८, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८२ असार १६ गते मानवअधिकार ओरियन्टेशन कार्यक्रमको आयोजना |
| समूह ९, मलंग्वा, सर्लाही | • २०८१ साउन १ गते अन्तर्राष्ट्रय न्याय दिवसको अवसरमा शान्ती र्याली र शान्तीपूर्ण प्रदर्शन कार्यक्रमको आयोजना<br>• २०८१ भाद्र ४ गते कलकत्ता बलात्कार प्रकरणको स्मरण गर्दै पीडितप्रति ऐक्यबद्धता व्यक्त गर्दै छिटो न्याय र जवाफदेहिताका लागि जनचेतनामूलक शान्ति र्याली कार्यक्रमको आयोजना<br>• २०८१ भाद्र १४ गते अन्तर्राष्ट्रिय बेपत्ता पार्ने कार्य विरुद्धको दिवसका अवसरमा दीप प्रज्वलन तथा प्लेकार्ड प्रदर्शन कार्यक्रमको आयोजना<br>• २०८१ भदौ २१ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना<br>• २०८१ असोज ७ गते अभिमुखीकरण कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह १०, इनरुवा, सुनसरी | |
| समूह १२, बुटवल, रुपन्देही | |
| समूह १४, उर्लाबारी, मोरङ्ग | |
| समूह १५, जनकपुर | • २०८१ मङ्सिर २५ गते ७६ औं मानव अधिकार दिवसको अवसरमा प्रभात फेरि र दीप प्रज्वलन कार्यक्रमको आयोजना |
| समूह १६, वीरगञ्ज, पर्सा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ पौष १४ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |

| समूह/युथ नेटवर्क | गतिविधि |
|---|---|
| समूह १७, भक्तपुर | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह १८, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह १९, रामेछाप | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह २०, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह २१, काठमाडौं | • |
| समूह २२, धुलाबारी, झापा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह २४, बारा | |
| समूह २५, चितवन | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८२ असार ५ गते द्वन्द्वमा हुने यौन हिंसा उन्मूलन" सम्बन्धी अन्तराष्ट्रीय दिवसको अवसरमा प्रशिक्षण कार्यक्रमको आयोजना |
| समूह २७, लमजुङ्ग | • |
| समूह २८, अछाम | • २०८१ पुस २१ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह २९, कञ्चनपुर | |
| समूह ३०, राजविराज | |
| समूह ३१, नवलपरासी | |
| समूह ३२, काठमाडौं | |
| समूह ३३, चितवन | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ३४, काठमाडौं | • २०८१ मङ्सिर २५ गते मानवअधिकार दिवसको अवसरमा चित्रकला प्रतियोगित कार्यक्रमको आयोजना<br>• २०८१ पुस ५ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ३५, काठमाडौं | |
| समूह ३६, प्यूठान | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ३७, बटवल, रुपन्देही | • २०८१ पुस ३ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ चैत २ गते जातिय विभेद तथा महिला हिँसा विरुद्ध सचेतना कार्यक्रमको आयोजना |
| समूह ३९, नुवाकोट | • २०८१ पुस ५ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ४०, कावासोती, नवलपरासी | • २०८१ पुस २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ४१, विराटनगर, मोरङ्ग | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ पौष १६ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| समूह ४२, गोरखा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ४३, बनेपा, काभ्रेपलाञ्चोक | |
| समूह ४४, धनगढी, कैलाली | |

| समूह/युथ नेटवर्क | गतिविधि |
|---|---|
| समूह ४५, पाँचथर | |
| समूह ४६, जनकपुर, धनुषा | • २०८१ मङ्सिर २५ गते ७६ औं मानव अधिकार दिवसको अवसरमा प्रभात फेरि र दीप प्रज्वलन कार्यक्रमको आयोजना |
| समूह ४७, स्याङ्जा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ४८, बाग्लुङ्ग | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ४९, कञ्चनपुर, महाकाली | |
| समूह ५०, भक्तपुर | • २०८१ असोज २ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ५१, कपिलवस्तु | • २०८१ मङ्सिर १९ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ पौष ५ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| समूह ५२, बर्दिया | |
| समूह ५४, पोखरा, काँस्की | • २०८१ साउन १ गते अन्तर्राष्ट्रिय न्याय दिवसको अवसरमा जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारीज्यू मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइयो<br>• २०८१ भाद्र १४ गते अन्तर्राष्ट्रिय बेपत्ता पार्ने कार्य विरुद्धको दिवसका अवसरमा सङ्क्रमणकालीन न्याय सम्बन्धी एनका बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ५५, पनौती | • २०८१ पुस ५ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ माघ १३ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| समूह ५६, भक्तपुर | |
| समूह ५७, जनकपुर | • २०८१ मङ्सिर १८ गते ३३ औं अपाङ्गता दिवसको अवसरमा प्रभात फेरि र दीप प्रज्वलन कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २५ गते ७६ औं मानव अधिकार दिवसको अवसरमा प्रभात फेरि र दीप प्रज्वलन कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ५८, विर्तामोड, झापा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ६०, दमक, झापा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ६१, पाटन, ललितपुर | • २०८१ पुस ५ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ६२, नेपालगञ्ज, बाँके | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ६३, इटहरी, सुनसरी | |
| समूह ६४, चित्रवन, चितवन | • २०८१ साउन ११ गते अभिमुखीकरण कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |

| समूह/युथ नेटवर्क | गतिविधि |
|---|---|
| | • २०८१ फागुन २४ गते नारी दिवसको अवसरमा दीप प्रज्वलन कार्यक्रमको आयोजना |
| समूह ६६, दाङ्ग | • २०८१ मङ्सिर २५ गते मानव अधिकार दिवसको अवसरमा वक्तृत्वकला प्रतियोगित कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ६७, हेटौडा, मकवानपुर | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ६२, नेपालगञ्ज, बाँके | |
| समूह ६८, नेपालगञ्ज, बाँके | |
| समूह ६९, सुर्खेत | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• |
| समूह ७०, काँकडभिट्टा, झापा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ७१, कैलाली | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• |
| समूह ७२, पनौती, काभ्रेपलाञ्चाक | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ७३, विराटनगर, मोरङ्ग | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ७४, कञ्चनपुर | |
| समूह ७५, दमक, झापा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ७६, गोरखा | • २०८१ पौष १३ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| समूह ७७, जाजरकोट | • २०८१ पुष १७ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८२ असार १६ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| समूह ७८, लालबन्दी, सर्लाही | • २०८१ मङ्सिर १७ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ८०, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ८१, सिराहा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ८२, पोखरा, कास्की | • २०८१ भाद्र १४ गते अन्तर्राष्ट्रिय बेपत्ता पार्ने कार्य विरुद्धको दिवसका अवसरमा दीप प्रज्वलन तथा प्लेकार्ड प्रदर्शन कार्यक्रमको आयोजना<br>• २०८१ कार्तिक १२ गते विभिन्न चाडवाडको अवसरमा शुभकामना आदाप्रदान कार्यक्रमको आयोजना<br>• २०८१ कार्तिक १४ गते मानव अधिकार शिक्षा कार्यक्रमको आयोजना |

| समूह/युथ नेटवर्क | गतिविधि |
|---|---|
| | • २०८१ मङ्सिर २५ गते मानवअधिकार दिवसको अवसरमा शान्ति र्याली कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| समूह ८३, दमक, झापा | |
| समूह ८७, काँकडभिट्टा, झापा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• |
| समूह ८९, टिकापुर, कैलाली | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| काठमाडौ युथ नेटवर्क काठमाडौं | |
| काठमाडौं युनिभर्सिटी युथ नेटवर्क, धुलीखेल | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| काँक्रिविहार युथ नेटवर्क, सुर्खेत | • २०८१ भदौ ३० गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| बाराही युथ नेटवर्क, पोखरा | |
| पिस भिजन युथ नेटवर्क, भक्तपुर | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| बनेपा युथ नेटवर्क, बनेपा | |
| रामपुर युथ नेटवर्क, चितवन | • २०८१ कार्तिक १४ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ माघ ३० गते साधारण सभा सम्पन्न<br>• २०८२ वैशाख २३ गते अभिमुखीकरण कार्यक्रमको आयोजना |
| जोसेफ युथ नेटवर्क, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर ४ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| विर्तामोड युथ नेटवर्क, विर्तामोड, झापा | |
| दमक युथ नेटवर्क, दमक, झापा | • २०८१ भदौ १४ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ फागुन २४ गते नारी दिवसको अवसरमा महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा निवारणका लागि सचेतनामूलक बिचार गोष्ठी कार्यक्रमको आयोजना<br>• २०८१ चैत ८ गते अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसका अवसरमा छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना |
| केएमसि नेसनल युथ नेटवर्क, काठमाडौं | • २०८१ भदौ १२ गते बाल दिवसका अवसरमा बालअधिकार शिक्षा कार्यक्रमको आयोजना |

| समूह/युथ नेटवर्क | गतिविधि |
|---|---|
| रत्ननगर क्रियटिभ युथ नेटवर्क, चितवन | • २०८१ साउन ११ गते अभिमुखीकरण कार्यक्रमको आयोजना |
| डाइनामिक युथ नेटवर्क, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| फ्युजन युथ नेटवर्क, भक्तपुर | • २०८१ पुस २१ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| पक्लिहवा युथ नेटवर्क, भैरहवा | • २०८२ असार ८ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| इञ्जिनियरिङ्ग युथ नेटवर्क, ललितपुर | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| चन्द्रगढी युथ नेटवर्क, झापा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| एनओसी युथ नेटवर्क, ललितपुर | • |
| नेपाल युथ नेटवर्क, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| काभ्रे युथ नेटवर्क, पनौती | • |
| फरेष्ट्री युथ नेटवर्क, हेटौंडा | • २०८१ पुस ८ गते जलवायु परिवर्तनका सम्बन्धमा संवाद कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर ११ र १२ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| कृषि क्याम्पस युथ नेटवर्क, लम्जुङ्ग | • २०८१ असोज १२ गते साधारण सभा सम्पन्न<br>• २०८१ मङ्सिर २७ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८२ जेठ २ गते युवा विद्यार्थीहरूमा मानव अधिकार, न्याय र स्वतन्त्रताको बारेमा चेतना जगाउन हाजिरजवाफ प्रतियोगिता कार्यक्रमको आयोजना |
| अम्विकेश्वरी युथ नेटवर्क, दाङ | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| भिक्टोरिया युथ नेटवर्क, दाङ | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| युनाइटेड युथ नेटवर्क, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ साउन १२ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| लम्की युथ नेटवर्क, कैलाली | |

| समूह/युथ नेटवर्क | गतिविधि |
|---|---|
| धुलाबारी युथ नेटवर्क, धुलाबारी, झापा | |
| इलाइजन युथ नेटवर्क, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| क्वालिटी युथ नेटवर्क, भक्तपुर | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ माघ ८ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| गोरखा इन्टरनेसनल युथनेटवर्क, दाङ | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| थापाथली युथ नेटवर्क, काठमाडौं | |
| एनसिसी युथ नेटवर्क, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| देवी युथ नेटवर्क, विर्तामोड, झापा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ पौष २३ गते मानवअधिकार शिक्षा कार्यक्रम आयोजना |
| आयुर्वेद क्याम्पस युथ नेटवर्क, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| त्रिचन्द्र युथ नेटवर्क, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ कार्तिक १२ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| जनकपुर युथ नेटवर्क, जनकपुर | |
| हिकाष्ट युथ नेटवर्क, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| टियु युथ नेटवर्क, काठमाडौं | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| अग्रासन युथ नेटवर्क, दाङ | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| युसिएमएस युथ नेटवर्क, भैरहवा | |
| कैलाली युथ नेटवर्क, कैलाली | • २०८१ साउन १५ गते मानव बेचबिखन सम्बन्धमा छलफल कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ माघ १३ गते साधारण सभा सम्पन्न<br>• २०८१ माघ १४ गते जलवायु परिवर्तनका सम्बन्धमा जनचेचना जगाउन शान्ति र्याली कार्यक्रमको आयोजना<br>• २०८१ फागुन १० गते अन्तर्राष्ट्रिय मातृभाषा दिवसको अवसरमा अन्तरविद्यालय वक्तृत्वकला प्रतियोगिताको आयोजना |

| समूह/युथ नेटवर्क | गतिविधि |
|---|---|
| | • २०८१ फागुन २४ गते नारी दिवसको अवसरमा महिला प्रहरीहरूलाई सम्मान कार्यक्रमको आयोजना<br>• २०८१ चैत २३ गते मानसिक स्वास्थ्य सम्बन्धमा जनचेतनामूलक कार्यक्रमको आयोजना<br>• २०८२ जेठ ११ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना |
| लमही युथ नेटवर्क, दाङ | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ पौष ८ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना<br>• २०८१ माघ २८ गते साधारण सभा सम्पन्न<br>• २०८१ चैत ८ गते अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसका अवसरमा शान्ति र्‍याली कार्यक्रमको आयोजना |
| पाखीवास युथ नेटवर्क, धनकुटा | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ पौष १३ गते मानवअधिकारशिक्षा कार्यक्रमको आयोजना |
| पुरनचौर युथ नेटवर्क, कास्की | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| निङ्गलाशैनी युथ नेटवर्क, बैतडी | |
| शुक्लाफाँटा युथ नेटवर्क, कञ्चनपुर | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| खैरहनी युथ नेटवर्क, चितवन | • २०८१ पुस २१ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ साउन ३२ गते मानवअधिकार शिक्षा कार्यक्रम आयोजना |
| महोत्तरी युथ नेटवर्क, महोत्तरी | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| नेसनल ल कलेज युथ नेटवर्क, ललितपुर | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २१ गते मानवअधिकार शिक्षा कार्यक्रम आयोजना<br>• २०८२ साल असार १४ गते मानवअधिकार ओरियनटेशन कार्यक्रम आयोजना |
| बीरेन्द्रनगर युथ नेटवर्क, सुर्खेत | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| मेडिकोज् युथ नेटवर्क, काठमाडौं | • २०८१ भदौ २२ गते अभिमुखीकरण कार्यक्रमको आयोजना<br>• २०८१ असोज १४ गते मानवअधिकार शिक्षा कार्यक्रमको आयोजना<br>• २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |
| ऐश्वर्या युथ नेटवर्क, कैलाली | • २०८१ मङ्सिर २८ गते पत्रलेखन कार्यक्रमको आयोजना |

# परिच्छेद ३

## गभर्नेन्स र सङ्गठनात्मक गतिविधि

### समूह र युथ नेटवर्क

एम्नेस्टी इन्टरनेसनल नेपालमा हाल ८३ समूहहरूको मान्यता कायम रहेको छ। त्यस्तै ५५ वटा युथ नेटवर्कको मान्यता कायम छ। यसमा विगत केही वर्षदेखि शुन्य सदस्य सङ्ख्या रही कुनै पनि गतिविधि नगरेका आठ समूह र तीन युथनेटवर्कहरू गत आर्थिक वर्ष जस्तै यो वर्ष पनि "फ्रोजन" स्ट्याटसमा नै रहेका छन्।

एम्नेस्टी नेपालका समूहहरू ४० जिल्लामा रहेका छन् भने युथ नेटवर्कहरू १९ जिल्लामा रहेका छन्। (समूह र युथ नेटवर्कको विवरण अनुसूची १ र २ मा दिइएको छ।)


### सदस्यता

आ.व. २०८१/८२ को अन्त्यसम्ममा सदस्यता संख्या गतवर्षमा भन्दा केही घटेको छ। अहिले एम्नेस्टी नेपालको कुल वैध (valid) सदस्य सङ्ख्या ५,९१० रहेको छ। यसमध्ये महिलाको सङ्ख्या २,८३२ र पुरुषको सङ्ख्या ३,०७८ साथै युवा सदस्यको संख्या २,६८६ रहेको छ भने समूह सदस्यको संख्या २,९९१ रहेको छ र मानार्थ सदस्य ७ जना रहेका छन्। एम्नेस्टी नेपालमा आबद्ध सदस्यहरूको तथ्याङ्कगत जानकारी इन्फोग्राफिक्समा तल हेर्नहोस्:




AMNESTY INTERNATIONAL

## CATEGORY WISE REPORT





AMNESTY INTERNATIONAL
AMNESTY INTERNATIONAL NEPAL SECTION

## PROVINCE WISE REPORT



**YOUTH NETWORKS**

| PROVINCE | NUMBER OF NETWORKS |
|---|---|
| 1 | 7 |
| 2 | 2 |
| 3 | 28 |
| 4 | 3 |
| 5 | 7 |
| 6 | 2 |
| 7 | 6 |
| TOTAL | 55 |



**GROUPS**

| PROVINCE | NUMBER OF GROUPS |
|---|---|
| 1 | 19 |
| 2 | 11 |
| 3 | 23 |
| 4 | 9 |
| 5 | 9 |
| 6 | 3 |
| 7 | 9 |
| TOTAL | 83 |

## राष्ट्रिय सचिवालय

संस्थाको दैनिक कार्यसञ्चालनका लागि एम्नेस्टी नेपालको विधानले राष्ट्रिय सचिवालयको व्यवस्था गरेको छ। राष्ट्रिय सचिवालयमा निर्देशकलगायत विभिन्न विभागमा विभागीय कर्मचारीहरूको व्यवस्था गरिएको छ।

हाल राष्ट्रिय सचिवालयमा निर्देशकसमेत गरी जम्मा नौ जना कर्मचारीहरू कार्यरत रहेका छन्।

## कर्मचारी बैठक

राष्ट्रिय सचिवालयमा कर्मचारीहरूको बैठक प्रत्येक हप्ता बस्ने गरेको छ। उक्त बैठकका अलावा आवश्यकताअनुसार थप बैठकहरू बसी योजना कार्यान्वयन लगायतका विषयमा आवश्यक छलफल गरिने गरिन्छ। हरेक बैठकहरूमा भएका छलफलहरूको माइन्युटिङ्ग गर्ने पद्धति रहेको छ।

## नियमित सर्कुलर

एम्नेस्टी नेपालबाट गरिने कुनै पनि अभियान वा संस्थागत विषयमा यस संस्थामा आबद्ध समूह, युथ नेटवर्क, राष्ट्रिय बोर्ड एवं पुनरावेदन समितिका पदाधिकारीहरूलाई जानकारी गराउन संस्थाको स्थापनाकालदेखि नै नियमित रुपमा सर्कुलरहरू प्रेषित गरिँदै आएको छ। त्यस्ता सर्कुलरमा :

- नेसनल बोर्डको बैठकको निर्णयको माइन्युट प्रतिलिपि,
- संस्थाको कुनै पनि प्रकारको नीति वा दीर्घकालीन रणनीतिक योजना वा कार्ययोजना तयार हुन लागेको रहेछ भने त्यस्तो नीति वा योजनामा समावेस गरिनु पर्ने विषयहरूका बारेमा सुझाव माग गरिएको पत्र,
- त्यस्ता योजनाको मस्यौदा तयार भएपछि थप सुझाव संकलनका लागि त्यस्ता मस्यौदाहरू,
- संस्थाको आर्थिक प्रतिवेदन तयार भएपछिको समयमा आर्थिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,
- कुनै अभियान सञ्चालन गर्नु अघि त्यस्तो अभियान सञ्चालन गर्नुको औचित्यता स्पष्ट पार्ने सर्कुलरहरू,
- स्थानीयस्तरमा गरिन लागिएको अभियानमा सहभागी हुन इच्छुक भए सो को जानकारी गराउन एम्नेस्टी समूह, निर्माणाधीन समूह, युथ नेटवर्क र निर्माणाधीन युथ नेटवर्कलाई सूचित गरिएको पत्र
- संस्थामा आबद्ध समूह, निर्माणाधीन समूह र युथ नेटवर्कको सदस्यताको विवरण र सदस्यता नवीकरणका लागि गरिएको अनुरोध,
- समूह, निर्माणाधीन समूह र युथ नेटवर्कहरूद्वारा साधारण सभा लगायत संस्थागत रूपमा पूरा गर्नु पर्ने न्यूनतम आधार र प्रक्रिया पूरा नगरेको भए त्यस्ता आधार र प्रक्रिया नियमबमोजिम पूरा गर्न स्मरण गराइएका पत्रहरू,
- समूह, निर्माणाधीन समूह र युथ नेटवर्कको कार्यक्रम तथा आर्थिक प्रतिवेदनहरू नियमअनुसार राष्ट्रिय सचिवालयमा प्रेषित गर्ने सम्बन्धमा पत्र

राष्ट्रिय सचिवालयका तर्फबाट गरिन लागेका केन्द्रीय कार्यक्रम लगायत संस्थाको वार्षिक साधारण सभा वा अन्य कार्यक्रमका बारेमा जानकारी गराइएका पत्र जस्ता सामग्री प्रेषित गरिने गर्दछ। यसका अलावा संस्थाले निकालेका प्रकाशनहरू, प्रतिवेदनहरू र अन्य अभियान सामग्रीहरू पनि यसै नियमित सर्कुलर मार्फत् प्रेषित गर्ने गरिन्छ।

## आवधिक प्रतिवेदन

राष्ट्रिय सचिवालयका निर्देशकले आवधिक रूपमा बस्ने नेसनल बोर्डको बैठकमा आवधिक प्रतिवेदन पेश गर्ने गरिएको छ। यस्तो प्रतिवेदनमा सम्बन्धित अवधिभर गरिएका कार्यक्रमहरूको विस्तृत प्रतिवेदन, त्यस्ता कार्यक्रम वा एम्नेस्टी नेपालका कामका कारण कुनै प्रभावहरू परेको भए त्यस्ता प्रभावको विवरण, पछिल्ला समयमा देखिएका मानवअधिकारलाई प्रभाव पार्ने घटनाक्रमको विश्लेषण, सदस्यताको अवस्था, संस्थामा आबद्ध समूह, निर्माणाधीन समूह र युथ नेटवर्कलाई गरिएको अभियान सहयोग, प्रेषित गरिएका एक्सन सर्कुलर लगायतका विषयमा उल्लेख गरिएको हुन्छ। त्यस्तो प्रतिवेदन नेसनल बोर्डको बैठकले पारित गरेपछि अन्तर्राष्ट्रिय सचिवालयका विभिन्न विभागमा प्रेषित गर्ने गरिन्छ।

## वार्षिक प्रतिवेदन

हरेक वर्ष एम्नेस्टी नेपालको वार्षिक प्रतिवेदन तयार गर्ने गरिन्छ। राष्ट्रिय सचिवालयका निर्देशकले संस्थाको योजना कार्यान्वयनको बारेमा प्रतिवेदन तयार गर्दछन् भने राष्ट्रिय बोर्डका तर्फबाट पनि थप दुईवटा प्रतिवेदनहरू तयार गरिन्छ। बोर्डले तयार गर्ने प्रतिवेदनहरूमा पहिलो वर्षभर भएका नीतिगत कामको प्रतिवेदन जसलाई महासचिवले तयार गर्दछन् भने दोस्रो आर्थिक प्रतिवेदन जसलाई कोषाध्यक्षले तयार गर्दछन्। यसका अलावा एम्नेस्टी नेपालको वार्षिक साधारण सभाले नियुक्त गरेको लेखापरीक्षकले संस्थाको लेखापरीक्षण प्रतिवेदन पनि तयार गर्दछन्।

यी सबै प्रतिवेदनहरू एम्नेस्टी नेपालको नेसनल बोर्डको बैठकमा पेश गरी बोर्डद्वारा पारित गर्ने गरिन्छ । तत्पश्चात् साधारण सभामा यी प्रतिवेदनहरूलाई प्रस्तुत गरिन्छ। साधारण सभामा वितरण गरिने दस्तावेज पुस्तिकामा यी सबै प्रतिवेदनहरू समावेश गरिएको हुन्छ र यी सबै प्रतिवेदनहरूउपर छलफलका लागि साधारण सभाको एजेन्डामा समय छुट्याइएको हुन्छ।

साधारण सभामा देशभर रहेका एम्नेस्टी नेपालमा आबद्ध समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूलाई प्रतिनिधित्व गरी सदस्यहरूको क्षेत्रीय भेलाबाट आउने प्रतिनिधिहरूले यी प्रतिवेदनहरूको अध्ययन गरी छलफलमा भाग लिने, प्रश्न वा जिज्ञासाहरू राख्ने, थप जानकारी माग्ने लगायतका अवसरहरू प्राप्त हुन्छ। अझ संस्थाको लेखापरीक्षण प्रतिवेदन तयार हुनासाथ सबै समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूमा प्रेषित पनि गरिसकिएको हुन्छ, जसले गर्दा यसको अध्ययनका लागि समूह, युथ नेटवर्कहरूमा थप समय प्राप्त हुने गर्दछ।

साधारण सभाले पारित गरे पश्चात् ती प्रतिवेदनहरू जिल्ला प्रशासन कार्यालय काठमाडौं एवं समाज कल्याण परिषद्को केन्द्रीय कार्यालयलगातमा पेश गरिन्छ। त्यसैगरी ती प्रतिवेदनहरू एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालयमा पनि पेश गरिन्छ।

## बाह्य पारदर्शिता तथा जवाफदेहिता

### वार्षिक प्रतिवेदन

यस संस्थाको वार्षिक प्रतिवेदनहरू पारित भैसकेपछि ती प्रतिवेदनहरू काठमाडौं महानगरपालिका र जिल्ला प्रशासन कार्यालय काठमाडौं एवं समाज कल्याण परिषद् केन्द्रीय कार्यालयमा पेश गर्ने गरिएको छ। सरोकारवालाको जानकारीका लागि भने खासगरी पत्रकार सम्मेलन नै आयोजना गरेर एम्नेस्टी नेपालमा कहाँबाट कति रकम प्राप्त भयो र के के मा कहाँ कहाँ कति खर्च भयो भनेर सार्वजनिक गर्ने गरिन्छ।

### सामाजिक लेखापरीक्षण (आयव्यय सार्वजनिक गर्न पत्रकार सम्मेलन)

एम्नेस्टी नेपालले आर्थिक पारदर्शिता प्रयोजनका लागि साधारण सभा सम्पन्न भएपछि प्रत्येक वर्ष पत्रकार सम्मेलन गरी यस संस्थामा कहाँबाट कति रकम प्राप्त भयो र कहाँ कति खर्च भयो भन्ने विवरणहरू सार्वजनिक गर्ने गरेको छ। यसका आलावा संस्थाले गत वर्ष के के काम गर्यो र त्यसको के उपलब्धी हाँसिल भयो भन्ने विषयमा पनि सार्वजनिक गर्ने गरिएको छ।

### स्थानीय सरकारी निकायसँग समन्वय

एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयको व्यवस्थापनमा स्थानीयस्तरमा हुने कार्यक्रमहरूको बारेमा आवश्यकताअनुसार स्थानीय सरकारी निकायहरू (जिल्ला प्रशासन कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र स्थानीय सरकारहरूसँग समन्वय गर्ने गरिएको छ । कुनै जिल्लामा कुनै कार्यक्रम हुनु अघि एम्नेस्टी नेपालले सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकालाई लिखित जानकारी गराउने गरिएको छ भने त्यस्ता कार्यक्रमहरूमा जिल्लास्थित सरकारी निकायका प्रतिनिधिहरूको सहभागिताका लागि आमन्त्रण पनि गर्ने गरेको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले अरु सामाजिक संस्थाहरूलाई झैं एम्नेस्टी इन्टरनेसनल नेपाललाई पनि यस संस्थाले कुनै पनि जिल्लामा आयोजना गर्ने कार्यक्रमका बारेमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई पूर्व जानकारी गराउन, कार्यक्रम सम्पन्न भएपछि "कार्य सम्पन्न प्रतिवेदन" लिन र आगामी वर्ष संस्था नवीकरण गर्ने बेलामा त्यस्तो "कार्य सम्पन्न प्रतिवेदनहरू" अनिवार्य रूपमा पेश गर्न (मौखिक) सुझाव दिएको कारण हरेक कार्यक्रमको रिपोर्टिङ्ग गर्नका लागि प्रतिनिधि पठाइदिन सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका, जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारलाई अनुरोध गर्ने गरिएको छ ।

### अन्तर्राष्ट्रिय सचिवालयसँगको सम्पर्क र समन्वय

एम्नेस्टी नेपालले अन्तर्राष्ट्रिय सचिवालयलाई क्वार्टली चार्ट अफ अकाउन्ट र मुभमेन्ट एण्ड सपोर्टर इन्गेजमेन्ट अपडेट बुझाउने, वार्षिक प्रतिवेदन बुझाउने, अन्य फिडब्याक र सुझावहरू दिने तथा समय समयमा हुने भर्चुअल मिटिङ्गहरूमा भाग लिने, माग गरिएका सूचना तथा जानकारीहरू उपलब्ध गराउने लगायतका कार्यहरू सदाझैं जारी राखिएको छ। यस अलावा शाखालाई प्रतिनिधित्व गर्दै ग्लोबल असेम्ब्ली, रिजनल

फोरम र अन्य बैठकहरूमा नेपाल शाखाका अध्यक्ष, निर्देशक लगायत अन्य पदाधिकार र कर्मचारीहरूले आवश्यकताअनुसार सहभागिता जनाउँदै आएका छन्।

**अध्यक्षज्यू तथा सम्मानित साधारण सभाका सभासदज्यूहरू,**

एम्नेस्टी नेपालका विभिन्न कार्यक्रमहरू कार्यान्वयन र अभियान सञ्चालनको क्रममा एम्नेस्टी नेपालमा आबद्ध समूहहरू, युथ नेटवर्कहरू र विभिन्न संस्थाहरूले पुर्याउनुभएको उल्लेखनीय सहयोग र साथलाई राष्ट्रिय सचिवालय हार्दिक आभार प्रकट गर्दछ ।

अन्त्यमा, यस संस्थाबाट हुने मानवअधिकार अभियान लगायतका संरचनागत सुधारका लागि सदस्य, समूह एवं आदरणीय अग्रजहरूबाट प्राप्त महत्त्वपूर्ण सुझाव र सहयोगका लागि हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा पनि त्यस्तै सहयोग र सद्भावको अपेक्षा गर्दछौं। एम्नेस्टी इन्टरनेसनलको विश्वव्यापी रणनीतिक लक्ष्यअनुरूप एम्नेस्टीको अभियानलाई नेपालमा पनि आम जनमानसमा पुर्याई यस अभियानलाई नयाँ गति र दिशा दिनमा यहाँहरूको अझ थप सशक्त साथ, सहयोग र सुझावको अपेक्षा गर्दछौं।

धन्यवाद!



**निराजन थपलिया**

निर्देशक
२०८२ कार्तिक १२ (२९ अक्टोबर २०२५)

# संलग्न अनुसूची

अनुसूची १ : २०८२ असार मसान्त (१६ जुलाई २०२५) सम्म एम्नेस्टी नेपालमा आबद्धता कायम रहेका समूहहरूको विवरण

अनुसूची २ : २०८२ असार मसान्त (१६ जुलाई २०२५) सम्म एम्नेस्टी नेपालमा आबद्धता कायम रहेका युथ नेटवर्कहरूको विवरण

## <u>अनुसूची १</u>

**२०८२ असार मसान्त (१६ जुलाई २०२५) सम्म एम्नेस्टी नेपालमा आबद्धता कायम रहेका समूहहरूको विवरण**

| जिल्ला | समूह सङ्ख्या | एम्नेस्टी नेपालमा आबद्ध समूहहरू | जिल्ला | समूह सङ्ख्या | एम्नेस्टी नेपालमा आबद्ध समूहहरू |
|---|---|---|---|---|---|
| झापा | ७ | समूह २२, धुलावारी<br>समूह ५८, बिर्तामोड<br>समूह ६०, दमक<br>समूह ७०, काकरभिट्टा<br>समूह ७५, दमक<br>समूह ८३, दमक<br>समूह ८७, काकरभिट्टा | काठमाडौं | ९ | समूह ८, काठमाडौं<br>समूह १८, काठमाडौं<br>समूह २०, काठमाडौं<br>समूह २१, काठमाडौं<br>समूह ३२, काठमाडौं<br>समूह ३४, काठमाडौं<br>समूह ३५, काठमाडौं<br>समूह ५३, काठमाडौं<br>समूह ८०, काठमाडौं |
| मोरङ | ५ | समूह ११, विराटनगर<br>समूह १४, उर्लाबारी<br>समूह २३, विराटनगर<br>समूह ४१, विराटनगर<br>समूह ७३, विराटनगर | धनुषा | ३ | समूह १५, जनकपुर<br>समूह ४६, जनकपुर<br>समूह ५७, जनकपुर |
| सुनसरी | ३ | समूह ६, इटहरी<br>समूह १०, इनरुवा<br>समूह ६३, इटहरी | भक्तपुर | ३ | समूह १७, भक्तपुर<br>समूह ५०, भक्तपुर<br>समूह ५६, भक्तपुर |
| बाँके | ३ | समूह २६, कोहलपुर<br>समूह ६२, नेपालगञ्ज<br>समूह ६८, नेपालगञ्ज | चितवन | ३ | समूह २५, चितवन<br>समूह ३३, चितवन<br>समूह ६४, चितवन |
| रुपन्देही | २ | समूह १२, बुटवल<br>समूह ३७, बुटवल | नवलपरासी | २ | समूह ३१, परासी<br>समूह ४०, कावासोती |

| | | | | | |
|---|---|---|---|---|---|
| पाँचथर | २ | समूह १३, रवि<br>समूह ४५, फिदिम | सुर्खेत | २ | समूह २, सुर्खेत<br>समूह ६९, सुर्खेत |
| गोरखा | २ | समूह ४२, गोरखा<br>समूह ७६, गोरखा | कास्की | २ | समूह ५४, पोखरा<br>समूह ८२, पोखरा |
| काभ्रे | ३ | समूह ४३, बनेपा<br>समूह ५५, पनौती<br>समूह ७२, पनौती | लमजुङ | १ | समूह २७, सुन्दरबजार |
| सर्लाही | २ | समूह ९, मलङ्ग्वा<br>समूह ७८, लालबन्दी | महोत्तरी | २ | समूह ५, महोत्तरी<br>समूह ७, महोत्तरी |
| धनकुटा | १ | समूह १, धनकुटा | पर्सा | १ | समूह १६, वीरगन्ज |
| ससरी | १ | समूह ३०, राजविराज | मकवानपुर | १ | समूह ६७, हेटौडा |
| दाङ | १ | समूह ६६, दाङ | प्युठान | १ | समूह ३६, प्युठान |
| बर्दिया | १ | समूह ५२, गुलरिया | कैलाली | ५ | समूह ४४, धनगढी<br>समूह ५९, कैलाली<br>समूह ६५, टिकापुर<br>समूह ७१, अत्तरिया<br>समूह ८९, टिकापुर |
| कञ्चनपुर | ३ | समूह २९, कञ्चनपुर<br>समूह ४९, कञ्चनपुर<br>समूह ७४, कञ्चनपुर | नुवाकोट | १ | समूह ३९, नुवाकोट |
| बाग्लुङ | १ | समूह ४८, बाग्लुङ | तेह्रथुम | १ | समूह ४, तेह्रथुम |
| रामेछाप | १ | समूह १९, रामेछाप | अछाम | १ | समूह २८, अछाम |
| ललितपुर | १ | समूह ६१, ललितपुर | सिन्धुपाल्चोक | १ | समूह ७९, सिन्धुपाल्चोक |
| बारा | १ | समूह २४, बारा | जाजरकोट | १ | समूह ७७, जाजरकोट |
| कपिलवस्तु | १ | समूह ५१, कपिलवस्तु | स्याङजा | १ | समूह ४७, स्याङजा |
| सिरहा | १ | समूह ८१, सिरहा | | | |
| **जम्मा** | | समूह सङ्ख्या ८३ | | | एम्नेस्टी नेपालमा आबद्ध समूहहरू रहेको जिल्ला सङ्ख्या ३९ |

<u>अनुसूची २</u>

२०८२ असार मसान्त (१६ जुलाई २०२५) सम्म एम्नेस्टी नेपालमा आबद्धता कायम रहेका युथ नेटवर्कहरूको विवरण

| जिल्ला | युथ नेटवर्क सङ्ख्या | एम्नेस्टी नेपालमा आबद्ध युथ नेटवर्कहरू | जिल्ला | युथ नेटवर्क सङ्ख्या | एम्नेस्टी नेपालमा आबद्ध युथ नेटवर्कहरू |
|---|---|---|---|---|---|
| काठमाडौँ | १५ | १. काठमाडौँ युथनेटवर्क<br>२. जोसेफ युथनेटवर्क<br>३. डाइनामिक युथनेटवर्क<br>४. एनसिसि युथ नेटवर्क<br>५. नेपाल युथनेटवर्क<br>६. युनाइटेड युथ नेटवर्क<br>७. टियु युथ नेटवर्क<br>८. इलाइजन युथ नेटवर्क<br>९. आयुर्वेद युथ नेटवर्क<br>१०. थापाथली युथ नेटवर्क<br>११. त्रिचन्द्र युथ नेटअवर्क<br>१२. हिकास्ट युथ नेटवर्क<br>१३. मेडिकोस युथ नेटवर्क<br>१४. हिमशिला युथ नेटओर्क<br>१५. केएमसी युथ नेटओर्क | झापा | ५ | १. बिर्तामोड युथनेटवर्क<br>२. दमक युथनेटवर्क<br>३. चन्द्रगढी युथनेटवर्क<br>४. धुलाबारी युथ नेटवर्क<br>५. देवी युथ नेटवर्क |
| | | | भक्तपुर | ३ | १. पिस भिजन युथ नेटवर्क<br>२. फ्युजन युथ नेटवर्क<br>३. क्वालिटी युथ नेटवर्क |
| | | | कास्की | २ | १. बाराही युथनेटवर्क<br>२. पुरनचौर युथनेटवर्क |
| सुनसरी | १ | केन्द्रीय प्रविधि क्याम्पस युथ नेटवर्क, धरान | दाङ | ५ | १. अम्बिकेश्वरी युथ नेटवर्क<br>२. भिक्टोरिया युथ नेटवर्क<br>३. गोरखा इन्टरनेसनल युथ नेटवर्क<br>४. अग्रासन युथनेटवर्क<br>५. लमही युथनेटवर्क |
| काभ्रे | ३ | १. बनेपा युथनेटवर्क<br>२. काठमाडौँ युनिभर्सिटी युथनेटवर्क<br>३. काभ्रे युथ नेटवर्क | चितवन | ३ | १. रामपुर युथनेटवर्क<br>२. रत्ननगर क्रिएटिभ युथनेटवर्क<br>३. खैरहनी युथनेटवर्क |
| सुर्खेत | २ | १. काँक्रिबिहार युथनेटवर्क<br>२. वीरेन्द्रनगर युथनेटवर्क | ललितपुर | ३ | १. इञ्जिनियरिङ्ग युथनेटवर्क<br>२. एनओसी युथनेटवर्क<br>३. नेसनल ल कलेज युथनेटवर्क |
| | | | | ४ | १. लम्की युथ नेटवर्क<br>२. टीकापुर युथ नेटवर्क |

| | | | | | |
|---|---|---|---|---|---|
| मकवानपुर | १ | फरेस्ट्री युथ नेटवर्क | कैलाली | | ३. कैलाली युथनेटवर्क<br>४. ऐश्वर्य युथनेटवर्क |
| रुपन्देही | २ | १. पक्लिहवा युथनेटवर्क<br>२. युसिएमएस युथनेटवर्क | लमजुङ | १ | कृषि क्याम्पस युथ नेटवर्क |
| बैतडी | १ | निङ्गलासैनी युथनेटवर्क | धनुषा | १ | जनकपुर युथ नेटवर्क |
| महोत्तरी | १ | महोत्तरी युथनेटवर्क | धनकुटा | १ | पाखीवास युथनेटवर्क |
| कञ्चनपुर | १ | शुक्लाफाँटा युथनेटवर्क | | | |
| **जम्मा** | | युथनेटवर्क सङ्ख्या ५५ | एम्नेस्टी नेपालमा आबद्ध युथनेटवर्कहरू रहेका जिल्ला १९ | | |

## Name list of National Board, Appeal Committee, Nomination Committee, Preparatory Committee (Prep Com) and National Secretariat Staff

### National Board Members

| | | |
|---|---|---|
| **Bipin Budhathoki**<br>Chairperson | **Keshab Pokharel**<br>Vice-chairperson | **Shachita Kuikel**<br>General Secretary |
| **Pooja Thapa**<br>Deputy General Secretary | **Hom Bahadur Adhikari**<br>Treasurer | **Alisha Mahat**<br>Member |
| **Baikuntha Prasad Aryal**<br>Member | **Lokendra Singh**<br>Member | **Mina Thapa**<br>Member |
| **Mausam Karki**<br>Member | **Suman Kumar**<br>Member | |

### Appeal Committee Members

| | | |
|---|---|---|
| **Devendra Kumar Sejuwal**<br>Coordinator | **Niki Karn**<br>Member | **Sanjog Pokhrel**<br>Member |

### Nomination Committee Members

| | | |
|---|---|---|
| **Roshan Bajagai**<br>Coordinator | **Kalpana Khadka**<br>Member | **April Adhikari**<br>Member |

### Preparatory Committee (Prep Com)

| | |
|---|---|
| **Pratima Chapagain**<br>Member | **Kabindra Nepal**<br>Member |

### National Secretariat Staff

| | | |
|---|---|---|
| **Nirajan Thapaliya**<br>Director | **Ashmita Sapkota**<br>Campaigns Coordinator | **Marissa Leena Taylor**<br>Media and Communications Coordinator |
| **Kalpana Khadka**<br>Admin and Finance Manager | **Prashant Tripathi**<br>IT Manager | **Kundan Raj Sharma**<br>Human Rights Education Coordinator |
| **Chakra Kumar Pradhan**<br>Membership Incharge | **Sunita Rai**<br>Admin & Finance Associate | **Jagannath Acharya**<br>Office Assistant |

एम्नेस्टी
इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल
एम्नेस्टीमार्ग, वसन्तनगर
पो.ब.नं. १३५, बालाजु, काठमाडौं ।
मोबाइल नं. ९८५१३३६९९६
फोन नं. ०१-४९६५४३१, ०१-४९६४७०६
फ्याक्स ०१-४९५४९८७
इमेल info@amnestynepal.org
वेवसाइट www.amnestynepal.org